अभियान साप्ताहिक अब अनलाइन संस्करणमा पनि
www.abhiyanweekly.com.np

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Devendrachudal@gmail.com
वर्ष : ४३ / अंक : ३५ / २०८२ चैत २० गते शुक्रबार / नेपाल सम्वत ११४६ / Apr. 3, 2026 / मूल्य रु. १०/-

## दायित्व बिर्सिएर कांग्रेस विभाजनतर्फ उन्मुख

काठमाडौ । गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्यको लागि भएको निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टीले झण्डै दुई तिहाई मत ल्याएको छ । प्रतिनिधिसभामा प्रत्यक्षमा १ सय ६५ र समानुपातिकमा १ सय १० गरी जम्मा २ सय ७५ सिटको व्यवस्था रहेकोमा रास्वपाले प्रत्यक्षमा र समानुपातिकतर्फ दुवै गरी १ सय ८२ सिटमा जित हाँसिल गरेको छ भने उसलाई दुई तिहाई पुग्न मात्र २ सिट कम रहेको छ । रास्वपाको एकल सरकार निर्माण भैसकेको र रास्वपाका वरिष्ठ नेता बालेन साह प्रधानमन्त्री बनेका छन् ।

साह प्रधानमन्त्री बनेका र रास्वपाका झण्डै दुई तिहाई मत संसदनमा भएकाले उसले गर्ने हरेक कार्यमा सूक्ष्म अध्ययन गरी विरोध र समर्थन जनाउनुपर्ने विपक्षी दल कमजोर अवस्थामा रहेको र पुराना भनिएका दलहरु नेपाली कांग्रेस, नेकपा एमाले सहितका

>>> बाँकी ६ पेजमा

हामीलाई www.abhiyanweekly.com.np मा पनि पढ्न सकिन्छ ।

# सुशीला कार्कीको विश्वास गर्नु दलहरूको लागि घातक सावित

## आवश्यक बस्तु संरक्षण ऐन २०१२ को ठाडो उल्लंघन !

**देवेन्द्र चुडाल**



काठमाडौ । गत भाद्र २३ गते जेनजीहरूले गरेको विरोध प्रदर्शन र भाद्र २४ गते भएको विध्वसात्मक कार्यको जाँचबुझ गर्न गठन गरिएको गौरीबहादुर कार्की अध्यक्षताका आयोगले तत्कालिन प्रधानमन्त्री सुशिला कार्कीलाई निर्वाचन सम्पन्न भै परिणामसमेत सार्वजनिक भैसकेपछि मात्र फागुन २४ गते प्रतिवेदन बुझाएको थियो । कार्की आयोगले प्रतिवेदन निर्वाचन हुनु भन्दा निकै अगाडि नै तयार गरेको भएपनि किन त्यस बेला प्रतिवेदन नबुझाएर निर्वाचन सम्पन्न भैसकेपछि मात्र बुझाइयो ? अहिले त्यसको रहस्य खुल्न थालेको छ ।

निर्वाचन अघि नै नेकपा एमालेको अध्यक्ष केपी ओलीले सुशिला कार्की नेतृत्वको सरकारले निष्पक्ष र धाँधलीरहित निर्वाचन गराउँदै भन्ने अभिव्यक्ति दिँदै आएका थिए । प्रधानमन्त्री कार्कीले त्यस बेला सुरक्षा निकायहरूले पुरानै दलहरु नेपाली कांग्रेस, नेकपा एमाले कै पक्षमा जनमत आउने सुरक्षा निकायले गरेको अध्ययनबाट देखाएको भन्दै कांग्रेस, एमाले र नेपाली कम्युनिष्ट पार्टीका शिर्ष नेताहरूलाई बताएर पुराना दलहरूलाई निर्वाचनमा जान उक्साइरहेकी थिइन् ।

वास्तवमा त्यस्तो वातावरण थिएन भने सुरक्षा निकायले समेत पुराना पुराना दलहरूको पक्षमा जनमत नरहेको र तत्कालिन काठमाडौ महानगरका मेयर बालेन साह रास्वपामा प्रवेश गरेका हुनाले साहको पक्षमा व्यपाक जनसमर्थन रहेको थियो भन्ने सुरक्षा निकायले अनुमान गरेको थियो । त्यो वास्तवविकतालाई छलेर तत्कालिन प्रधानमन्त्री कार्कीले पुराना दलका शिर्ष नेताहरूलाई अलग अलग भेट गरेर उनीहरूलाई तपाईहरूकै पक्षमा जनमत रहेको मैले पाएको रिपार्टमा उल्लेख गरिएको छ भन्दै कांग्रेस, एमाले र नेपाली कम्युनिष्ट पार्टीका शिर्ष नेताहरूलाई गुलियो अंगुर खुवाउँदै अमिलो चुकमा डुबाउने रणनीति लिएको प्रष्ट भएको छ ।

पुराना दलका नेताहरूले मुलुकको प्रधानमन्त्रीले भनेका कुरा पत्याउँदा उनीहरु नराम्रोसँग फसेका छन् । नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहालले निर्वाचन अघि नै आफूलाई तत्कालिन प्रधानमन्त्री कार्कीले तपाईहरूको जित निश्चित जस्तो छ, कांग्रेस भित्र विवाद छ, एमाले प्रति जनता रूष्ट छन् । त्यही कारणले गर्दा तपाईको पार्टीले ५०

>>> बाँकी ८ पेजमा

## लापरबाही र हेलचेक्राई भनेको के हो ? त्यसको प्रमाण खोई ?

काठमाडौ । भाद्र २३ गते भएको जेनजीहरूको विरोध प्रदर्शन र भाद्र २४ गते भएको विध्वसात्मक कार्यको जाँचबुझ गर्न गठित गौरीबहादुर कार्की नेतृत्वको अयोगले अधुरो र अपुरो प्रतिवेदन तयार गरी तत्कालिन प्रधानमन्त्री सुशिला कार्कीलाई फागुन २४ गते बुझाएको छ । सो प्रतिवेदन प्रधानमन्त्री कार्कीको निर्देशनमा संसद सचिवालयको लाइब्रेरीमा राख्न लगाइएको भएपनि सार्वजनिक गरिएको थिएन । अहिले सो प्रतिवेदन संसद सचिवालयको लाइब्रेरीबाट समेत हटाएको छ भने सार्वजनिक गरिएको छैन ।

गौरीबहादुर कार्की आयोगलाई तत्कालिन कार्की सरकारले भाद्र २३ र २४ गतेको घटनाको जाँचबुझ गरी प्रतिवेदन सरकारलाई बुझाउने म्याण्डेट दिएको

>>> बाँकी ८ पेजमा

## के जरुरी पक्राउ पुर्जी आवश्यक थियो ?

काठमाडौ । भाद्र २३ गते भएको जेनजीहरूको विरोध प्रदर्शन र भाद्र २४ गते भएको विध्वसात्मक कार्यको जाँचबुझ गर्न गठन गरिएको गौरीबहादुर कार्की नेतृत्वको आयोगले सिफारिस गरेका सुरक्षाकर्मी र सुरक्षा संयन्त्रसँग सम्बन्धितको हकमा तत्काल कार्यान्वयन नगर्ने तर नेताहरूका हकमा मात्र कार्यान्वयमा लैजाने मन्त्रिपरिषद्को गत शुक्रबार १३ गते बसेको बैठकको निर्णयले नै राजनीतिक दलका नेताहरूमाथि प्रतिशोध लिएको जस्तो देखिएको छ ।

मन्त्रिपरिषद्को निर्णय परिपक्क समेत नहुँदै नेकपा एमालेका अध्यक्ष एवं पूर्व प्रधानमन्त्री केपी ओली र ओली नेतृत्वका तत्कालिन सरकारका गृहमन्त्री रहेका रमेश लेखकलाई शनिबार विहानै (१४ गते) अदालतको

>>> बाँकी ६ पेजमा

## यी विभाग र कार्यालयहरू खारेज गर्दै बालेन सरकार

काठमाडौ । सरकारले अनावश्यक सरकारी कार्यालयहरु खारेज गर्ने तयारी थालेको छ । संघ, प्रदेश र स्थानीय तहमा कायम रहेका कतिपय अनावश्यक संरचना पहिलो चरणमा खारेज गर्ने तयारी भएको हो ।

त्यसबाहेक कतिपय सार्वजनिक निकाय एकआपसमा गाभ्ने तथा प्रदेशमा हस्तान्तरण गर्नुपर्ने निकाय हस्तान्तरण गर्ने तयारी समेत अगाडि बढेको छ ।कार्य प्रकृति मिल्ने संस्थालाई एकआपसमा गाभी सक्षम बनाउन तथा कामको दोहोरोपना हटाउन सरकारले यस्तो कदम चाल्न लागेको हो ।साथै, मुलुक संघीय संरचनामा गइसकेपश्चात् संघले गर्दै आएका कतिपय काम प्रदेश तथा स्थानीय तहको कार्यक्षेत्रमा पर्ने भएकाले पनि ती निकायलाई हस्तान्तरण गर्ने तयारी भएको छ ।

कुनै कालखण्डमा निश्चित प्रयोजनका लागि गठन भएका संस्था बदलिँदो परिस्थितिमा असान्दर्भिक बनिसकेका छन् । त्यसैले वित्तीय र प्रशासनिक व्ययभार घटाउन ती निकाय तथा संस्था खारेज गर्न लागिएको हो ।प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयका सचिव गोविन्दबहादुर कार्कीको संयोजकत्वमा गठित समितिले पेश गरेको सुशासन मार्गचित्रको प्रतिवेदनबमोजिम सरकारले 'एक्सन' लिन लागेको हो ।विभिन्न मन्त्रालयका सहसचिवहरु सम्मिलित उक्त समितिले बुझाएको प्रतिवेदनअनुसार अनावश्यक

>>> बाँकी ८ पेजमा

## बालेन सरकारको निर्णय नै प्रतिशोधपूर्ण



काठमाडौ । गत भाद्र २३ गते भएको जेनजीहरूको विरोध प्रदर्शन र भाद्र २४ गते भएको विध्वसात्मक कार्यमा संलग्न भएका व्यक्तिहरूलाई तत्कालिन सुशलिा कार्की नेतृत्वको सरकारले कसैलाई पनि कानुनी कारबाही नगर्ने निर्णय गर्दै जेनजीहरूको एक समूहसँग मसिर २४ गते सहमति गरेको थियो । सुशिला कार्की नेतृत्वको सरकारले त्यस्तो गैरकानुनी निर्णय गरेपश्चात् भाद्र २४ गतेको घटनाको गौरीबहादुर कार्की आयोगले छानविन नै गरेन ।

भाद्र २३ र २४ गतेको घटनाको जाँचबुझ गरि प्रतिवेदन पेश गर्न गौरीबहादुर कार्कीको अध्यक्षतामा कार्की सरकारले नै आयोग गठन गरेको थियो । कार्की आयोगले गत फागुन २४ गते तत्कालिन प्रधानमन्त्री सुशिला कार्कीलाई आफ्नो अधुरो प्रतिवेदन बुझाएको छ भने अहिलेसम्म सो प्रतिवेदन सार्वजनिक गरिएको छैन ।

फागुन २१ गते भएको प्रतिनिधिसभाको निर्वाचनमा रास्वपाले झण्डै दुई तिहाई मत ल्याएर रास्वपाका वरिष्ठ नेता बालेन साह चैत्र १३ गते प्रधानमन्त्रीमा नियुक्त भईसकेको र साह प्रधानमन्त्रीमा नियुक्त भएकै दिन बसेको साह सरकारको पहिलो मन्त्रिपरिषद् को बैठकबाटै कार्की आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने निर्णय गरेको थियो । भाद्र २३ र २४ गतेको घटनाको जाँचबुझ गर्न गठित कार्की आयोगले भाद्र २४ गतेको घटनाको कुनै छानविन र अनुसन्धान नै गरेन ।

कार्की आयोगलाई दुवै दिनको घटनाको

>>> बाँकी ८ पेजमा

## कार्की आयोगको प्रतिवेदन नै झुठको खेती



काठमाडौ । गत भाद्र २३ गते भएको जेनजीहरूको विरोध प्रदर्शन र भाद्र २४ गते भएको विध्वसात्मक कार्यको जाँचबुझ गर्न गठन गरिएको गौरीबहादुर कार्की नेतृत्वको आयोगले आफ्नो प्रतिवेदन फागुन २४ गते तत्कालिन प्रधानमन्त्री सुशिला कार्कीलाई बुझाएको छ ।

फागुन २१ गते सम्पन्न भएको प्रतिनिधिसभाको निर्वाचनमा रास्वपाले झण्डै दुई तिहाई मत पाएको हुनाले चैत्र १३ गते रास्वपाका वरिष्ठ नेता बालेन साह प्रधानमन्त्री बनेका छन् ।

प्रधानमन्त्री बनेकै दिनको मन्त्रिपरिषद् को पहिलो बैठले कार्की आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने भन्दै सुरक्षाकर्मीहरूमाथि अनुसन्धान गर्ने र राजनीतिक दलका नेताहरूलाई आयोगको प्रतिवेदनकै आधारमा कारबाही गर्ने निर्णय गरेपछि चैत्र १४ गते विहानै नेकपा एमालेका अध्यक्ष एवं पूर्व प्रधानमन्त्री केपी ओली र पूर्व गृहमन्त्री रमेश लेखकलाई जरूरी पक्राउ पुर्जी थमाएर पक्राउ गरिएको थियो ।

कार्की आयोगले तयार पारेको प्रतिवेदन आफैँमा फैसला होइन यो प्रतिवेदन सरकारका लागि सूचना र राय मात्र हो । कार्की आयोगले भाद्र २४ गतेको घटाको अनुसन्धान नै गरेको छैन । त्यसैले त्यो प्रतिवेदन अधुरो रहेको छ । कार्की आयोगले भाद्र २३ गतेको घटनामा आवश्यक बस्तु संरक्षण ऐनलाई कहिँ कतै उल्लेख सम्म गरेको छैन भने स्थानीय ऐन २०२८ लाई समेत उल्लेख गरेको छैन

>>> बाँकी ८ पेजमा

## तत्कालिन प्रधानमन्त्री कार्कीले पुराना दलहरूलाई यसरी दिइन् चक्मा

काठमाडौ । तत्कालिन प्रधानमन्त्री सुशिला कार्कीले पुराना भनिएका राजनीतिक दलहरूलाई नराम्रोसँग फसाएको रहस्य खुलेको छ । फागुन २१ गते तोकिएको प्रतिनिधिसभाको निर्वाचनमा भाग लिन आनाकानी गरिरहेका नेपाली कांग्रेस, नकेपा एमाले र नेपाली कम्युनिष्ट पार्टीका शिर्ष नेताहरूलाई तत्कालिन प्रधानमन्त्री कार्कीले तपाईहरूको पार्टीको पोजिसन निकै राम्रो रहेको सम्बन्धित क्षेत्रका सुरक्षाकर्मीहले संकलन गरेको रिपोर्टमा देखिएको भन्दै उनीहरूलाई निर्वाचनमा जान आग्रह गरेकी थिइन् तर प्रधानमन्त्री कार्कीले नै भित्र भित्र रास्वपाका उम्मेदवारहरूलाईले जित्न सक्ने आंकलन

>>> बाँकी ८ पेजमा

# Rubio's Paean to White Christian Nationalism

Dr James J Zogby

In the days following US Secretary of State Marco Rubio's February speech to the Munich Security Conference, the press reviews were glowing. Unlike President Donald Trump and Vice President Vance— both of whom had delivered remarks before European fora using "insulting," "harsh," or "threatening" language— Rubio was praised for his "respectful tone" that eased the concerns of the USA's European allies.

That initial shallow reaction, so typical of US mainstream media reporting, soon gave way to political analysts who, looking beyond Rubio's softer tone, exposed the deeply troubling underpinnings of his remarks. A few quotes from his speech stand out for consideration.

First, there is this gem, which encapsulates the worldview of White Christian Nationalism. Rubio told the assembled European leaders:

"We are part of one civilization— Western civilization. We are bound to one another by the deepest bonds that nations could share, forged by centuries of shared history, Christian faith, culture, heritage, language, ancestry, and the sacrifices our forefathers made together for the common civilization to which we have fallen heir."

Rubio noted that this civilization of which he speaks has had a long run: "For five centuries, before the end of the Second World War, the West had been expanding— its missionaries, its pilgrims, its soldiers, its explorers pouring out from its shores to cross oceans, settle new continents, build vast empires extending out across the globe." It was this civilization that gave the world, he said, "the rule of law, the universities, and the scientific revolution."

Rubio lamented that since the end of the World War, this Western civilization has been forced to face down several challenges, which he describes as: communism; what he termed the "foolish" "rules-based global order"; free trade; international agreements to address the climate crisis; and migration. Each of them, Rubio argued, erodes national sovereignty and weakens the power and independence of the West vis-à-vis the rest of the world.

The bottom line is that despite the initial press reaction, Rubio's speech was flawed and dangerous and should set off alarms. That it did not, is troubling.

Rubio described the danger posed by each of these challenges but focused his greatest attention on "mass migration" which he warned "threatens the cohesion of our societies, the continuity of our culture, and the future of our people."




In most of the press commentary and analysis devoted to Rubio's remarks, three items were largely ignored.

While it was true that the secretary's remarks were less threatening than those of President Trump and Vice President Vance, his views were a pure distillation of the same White Christian Nationalism so fervently espoused by Vance, the core tenets of which are shared by President Trump. In fact, the only differences between Rubio and his "bosses" were tone and tactics. While Trump and Vance spoke down to European leaders, deriding them for their weakness and lack of action, Rubio sought to convince the Europeans that he was one of them and that they had a common interest in working together to defend a shared heritage.

Secondly, Rubio's pointing to 500 years of the expansion of Western civilization was either disturbingly or deliberately ignorant of history. Europe's Ages of Discovery and Empire could also be described as the Ages of Imperial Conquest and Exploitation. Much of the accumulation of wealth in Europe came from its plundering of the resources of Asia, Africa, and the Americas. And it is bizarre for White Christian Nationalists to continue to ignore the debt Europe owes to Islamic/Arab and Asian civilizations, among others, in the arts and sciences. Western advances were built on what they inherited (or stole) from the East and South.

Also ignored in this "Western-centric" view of the world is the devastating impact of colonial conquest on Europe's and America's victims. We destroyed and/or distorted their economies; denied them normal political development; and committed crimes against them including slavery and genocide.

In the last two centuries, Western civilization slaughtered almost 100 million of its own people in wars fought among themselves. During this same period, Europeans and Americans were responsible for an equal number of deaths of indigenous peoples in countries they conquered and dominated. As Mahatma Gandhi was reported to have said when asked what he thought of Western civilization: "It sounds like a good idea, they should try it."

Finally, it was troubling to hear Rubio echoing themes espoused by European and American fascists— i.e., that "they" (migrants) are threatening our culture. This is both ahistorical and racist. Far from threatening, immigrants historically have enriched the cultures into which they have come. One could reasonably ask, "What would American (or for that matter, British or French) food, fashion, literature, sport, art, and so much more be without the contributions of immigrants?"

The bottom line is that despite the initial press reaction, Rubio's speech was flawed and dangerous and should set off alarms. That it did not, is troubling.

# आर्थिक अपराधमा थुन्ने होइन, जरिवाना : अर्थमन्त्री




अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले अब आर्थिक अपराधमा उद्योगी–व्यवसायीलाई थुन्नुको साटो जरिवाना लगाउने व्यवस्था गर्ने बताएका छन् । उनले नेपाल उद्योग वाणिज्य महासंघका प्रतिनिधिसँगको भेटघाटमा यस्तो बताएका हुन् । 'हामी अब आर्थिक जरिवानामा जान्छौँ । उद्योगी–व्यापारी थुनिनुपर्दैन,' उनले भने, 'नियोजित बेइमानी कसैले गर्छ भने त्यसमा हामी निर्मम छौँ ।'

निजी क्षेत्रले घुस खुवाउन, कामकाज गर्न लाइन लाग्न र थुनिनुनपर्ने उनले बताएका छन् । अबदेखि निजी क्षेत्रले दु:ख पाउने अवस्था आउन नदिने उनले प्रतिबद्धता जनाए । उनले भने, 'हामी तपाईंहरूको सहयात्री हौँ । अब घुस खुवाउनुपर्दैन, लाइन लाग्नुपर्दैन, निजी क्षेत्रका मानिस थुनिनुपर्दैन ।' निजी क्षेत्रलाई लगानी बढाउन र रोजगारी सिर्जना गर्न अर्थमन्त्री वाग्लेले आग्रह गरे । उनले भने, 'म घुस खान आएको होइन, कसैलाई खान पनि दिन्नँ । म अर्थतन्त्रको जहाज मोडेर देशलाई नयाँ गतिमा लैजान आएको हुँ ।'

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाल नेतृत्वको प्रतिनिधिमण्डलले अर्थमन्त्री डा. वाग्लेसँग वर्तमान सरकाबाट निजी क्षेत्रले लगानीमैत्री वातावरण, कर प्रणालीमा सुधार र निजी क्षेत्रको मनोबल उच्च बनाउने खालका नीतिगत निर्णयको अपेक्षा गरेको बताए । सरकारले सुरूमै निजी क्षेत्रका धेरै माग सम्बोधन हुने गरी सुधारका काम अघि बढाएकोमा महासंघले स्वागत गरेको पनि उनले बताए ।

साथै, अब आउने सरकारको नीति तथा कार्यक्रम र बजेट निजी क्षेत्रमैत्री हुनुपर्नेमा जोड दिँदै देशको आर्थिक विकास र समृद्धिका लागि आन्तरिक तथा बाह्य पुँजी परिचालन आवश्यक भएको धारणा राखे । उनले आन्तरिक पुँजी परिचालन गरेर देशभित्रै पनि केही गर्न सकिन्छ भनेर महासंघको नेतृत्वमा १० अर्ब रूपैयाँ पुँजीको नेपाल डेभलपमेन्ट कम्पनी स्थापना गरी काम गरिरहेको जानकारी दिए ।

साथै, उनले मुलुक अझै संक्रमणमै रहेको र छिमेकी मुलुक बंगलादेशले समेत स्तरोन्नतिको समय सार्न पहल गरेको अवस्थामा नेपालको स्तरोन्नतिको समय सार्न सरकारले पहल गर्नुपर्ने सुझाव दिए । जवाफमा अर्थमन्त्री डा. वाग्लेले निजी क्षेत्रका सुझावलाई आफूले सकारात्मक रूपमा लिएको बताए । अर्थतन्त्र सुधारका लागि संरचनागत सुधार, नीतिगत स्पष्टता र कार्यान्वयनमा प्रभावकारिता ल्याउन सरकार प्रतिबद्ध रहेको धारणा राखे । उनले उच्चस्तरीय आयोगको सिफारिसकै आधारमा आफूले पदभार ग्रहण गर्नासाथ विभिन्न १५ वटा कानुन खारेजी प्रक्रियामा लैजाने निर्णय गरेको र १०० दिने कार्यक्रममा पनि सुशासन र नागरिक सेवालाई सहज र सरल बनाउने गरी कार्यक्रम ल्याएको जानकारी दिए ।



# एउटा धर्मयुद्धको खाँचो छ



• राजन कार्की
rajan2012karki@yahoo.com

नैतिक राजनीति, नैतिक समाज हुन्न भने कानुनव्यवस्था नाङ्िगएको हुन्छ । भ्रष्टाचारी, अपराधी, नैतिकहरु छाडा भएका हुनछन् । स्थापित राजनीति, शासनव्यवस्था देश र जनताप्रति बेइमान बनेकाले तिनीहरूलाई दण्डित गर्नैपर्छ, तवमात्र सभ्यसंस्कृतिको सुरूआत हुनसक्छ ।

यसकारण एउटा धर्मयुद्धको खाँचो छ ।

यतिबेला समाजका अगुवा, विचारक, नागरिक समाज, राजनीति, शासक र प्रशासक सबैतिर जिम्मेवारी लिने र जवाफदेही हुने मान्यता खलबलिएको छ । बालहत्या, बलात्कार, भूमाफिया, कमिशनतन्त्र, भ्रष्टाचारका अनेक घटनाक्रमका दोषीमाथि कारवाही नै हुँदैन । कानुन खोक्रो लाग्छ, प्रशासन कर्मकाण्डी देखिन्छ, स्थिति बिस्फोटक र अराजक छ, यो स्थितिलाई विधिले बाँध्न जरूरी छ ।

यसकारण एउटा धर्मयुद्धको खाँचो छ ।

आन्तरिक एकता बलियो थियो, बाह्य असंलग्न र पञ्चशीलको नीति मजबुत थियो । नेपाल शान्तिक्षेत्रका रूपमा परिचित थियो । बुद्धको महत्व बढेको थियो । विश्व र प्रत्येक मानिसमा असन्तुष्टि र तनाव बढ्दो छ, यो तनावलाई साम्य पार्न पनि बुद्धको जन्मभूमिको महिमा बढाउन सकिन्थ्यो । सगरमाथाको सुन्दरता, प्रकृतिको बास भएको मुलुकमा प्रकृति देखाएर, बुद्धत्व जगाएर देश र जनतामा खुशहाली ल्याउने आर्थिक उन्नति गर्न सकिन्थ्यो । बहुदल बहुलाजस्तो बनेर सकियो, लोकतन्त्र जोकतन्त्र बन्यो । बौद्धिक समाजसमेत अवसरवाद र स्वार्थको दास मनोबृत्तिमा रमाउन थालेपछि देश लथालिङ्ग हालतमा पुगेको हो । वीरको देश, पुर्खाको वीरताले निर्माण गरेको देशमा विधिको लक्ष्मणरेखा खिच्नैपर्छ ।

यसकारण एउटा धर्मयुद्धको खाँचो छ ।

पञ्चायतले बिगार्‍यो, राजतन्त्रले सिध्यायो, पञ्चायत र राजतन्त्र फालेपछि नेपाल उज्यालो हुन्छ, समानता र न्यायपूर्ण समाज आउँछ, सर्वहाराले सुखैसुख पाउँछन्, गरीवसँग गाँस बास कपास हुनेछ । सबै समस्या समाधान हुनेछन्, देशमा उज्यालै उज्यालो हुनेछ भनेर सपना बाँडियो । बहुदलको कालखण्ड कालरात्रि बनेर सकियो, त्यसपछि लोकतन्त्र आयो, गणतन्त्र आयो, पञ्चायतपछि राजतन्त्र र हिन्दुराष्ट्र समाप्त पारियो, लोकतन्त्रको १७ वर्ष औंशीको रातजस्तो अँध्यारोमात्र भयो । उज्यालो कतै देखिएन । जति पनि लोकतान्तिक, गणतान्त्रिक नेता हुँ भन्थे, ती सबै कुनै नै कुनै नातावाद, भ्रष्टाचार, अपराध, नीति–सिद्धान्तहीन, नैतिकहीन सावित भए । देश र जनता हुनै नहुने नेतातन्त्रको बाहुबलीतन्त्र भोगिरहेको छन् । बाहुबलीतन्त्रको ठाउँमा बिधितन्त्र ल्याउनुछ ।

यसकारण एउटा धर्मयुद्धको खाँचो छ ।

शहिदले छातीमा तातो गोली थापेर परिवर्तन ल्याएका थिए । राज्यले शहिद बनाउने क्रम रोकेन । गत भदौ २३ र २४ गते त निरंकूश लोकतन्तवादीहरूले बालबालिकाहरूलाई समेत शहीद बनाए । नरसंहारकारी नेताहरूको जुन बेहाल भदौ २४ को बिद्रोह र फागुन २१ को निर्वाचनमा देखियो, यसबाट जनताको विवेक र वीरता एकपल्ट फेरि शिद्ध हुनपुगेको छ । जनताको फागुन २१ को चुनावमा जुन मौन आक्रोश परिणाममा देखियो, यसबाट लोकतन्त्र, गणतन्त्रको १७ वर्षे कालखण्ड र बहुदलपछिको ३७ वर्षको अवधिमा जो जो सत्तामा पुगेका थिए, तिनले बाँचुन्जेल जुका बनेर देश र जनताको रगत त चुसे, ढाडिए, मर्दा तिनले मलामी पनि पाउने सम्भाबना देखिदैन । यस्ता राजनीतिक अपराधीलाई फर्कनै नसक्नेगरी राजनीतिबाट डाँडा कटाउनुछ ।

यसकारण एउटा धर्मयुद्धको खाँचो छ ।

कुनै नेता मर्दा जनताले आँसु बगाउन्, श्रद्धाले फूल चढाएर श्रद्धाञ्जली दिउन्, त्यस्ता नेता ०४६ सालपछि एक्का दुक्कामात्र देखिए । जसलाई जनताले श्रद्धा गर्छन्, ती हुन्छन्– राजनेता । नेपालमा भ्रष्ट नेता धेरै भए, राजनेता बन्न कोही तैयार भएनन् । यसकारण त विदेशीले नेपाली नेताहरूलाई 'फ्रड' भनेर घृणा गरेका हुन् । लोकतन्त्रको पाखण्डले अति गर्‍यो, रत्नाकर पार्टी पार्टीमा कति छन् कति, कुनै पनि रत्नाकर नेता बाल्मिकी बन्न प्रेरित भएनन् । रत्नाकरहरूलाई जनताले पटक पटक दूध पिलाए, रत्नाकरहरूले दूध होइन, जनताको रगत नै चुसे । जुकालाई मिल्काउनु थियो, मिल्काए । अवस्था सुधार्नु छ ।

यसकारण एउटा धर्मयुद्धको खाँचो छ ।

देश ब्रम्हनालमा पुगिसकेको थियो । देशको अस्तित्व संकटमा पार्ने यिनै लोकतन्त्र र गणतन्त्रवादी थिए । यिनलाई जनताले सहनु सहे, दिनसम्म अवसर दिएकै हुन् । ०४६ सालदेखिको बहुदल र लोकतन्त्रकालमा पटक पटक चुनाव जिताएर अव त केही गर्छन् कि, अव त सुध्रिएलान् कि भनेर मौकापछि मौका दिएकै हुन् । मौकालाई यी नेताहरूले स्वार्थशिद्ध गर्न चौका हाने । देशघातक, जनविश्वास घातक बनेर पनि जनताबाट अझै समर्थन र सहयोग खोज्नेहरूलाई फागुन २१ मा जनताले मतादेशबाट दण्डित गरिदिएका छन् । तैपनि यी नेताहरु आफूलाई मरेको अनुभव गर्दैनन् । राजनीतिमा मरिसकेपछि पनि जिउँदै छु भन्ठान्नेहरु आफै सपनामा छन् । यिनको होस ठेगानमा ल्याउन तिमीहरु कलंकित भइसक्यौ भन्ने बुझाउन र मान्छे जिउँदै पनि मर्छ भन्ने हेक्का दिलाउनुपर्छ ।

यसकारण एउटा धर्मयुद्धको खाँचो छ ।

इतिहासमा तक्षशीला समेत जितेका चक्रवर्ती राजा थिए अशोक । अन्तमा उनी लुम्बिनीमा आएर भिक्षु बने, अशोक स्तम्भ ठड्याए र बुद्धम् शरणम् गच्छामी भन्ने भजन गाउन थाले । बहुदल र लोकतन्त्र गणतन्त्रका शासक प्रशासकहरूले सम्पत्ति जिते, स्वार्थ जिते । अन्तमा जनताको घृणा भोग्नुपर्‍यो । नेपालीको मनले सराप्यो, नेपालीको आत्माले सराप्यो । यी नेताहरु नेता होइनन्, देश र जनताप्रति गद्धार हुन् । राजनीतिका अपराधी हुन्, श्रापित छन् । यी श्रापित हुन् भनेर यिनैलाई देखाउन जरूरी छ ।

यसकारण एउटा धर्मयुद्धको खाँचो छ ।

राजनीति गर्ने वा जुनसुकै सचेत नागरिकले बुझ्नैपर्ने सत्य हो– स्वाभिमानले बाँच्छ देश । स्वाभिमानले उठ्छ नागरिक । देशलाई महाभारतको द्रौपदीको चीर हरण गर्ने दुर्योधनहरु जनताको नजरमा दयनीय छन् । सम्भ्रान्त बन्नका लागि आफैलाई गिराउनेहरूले बुझ्नैपर्छ, स्वराजको मूल्य पद, पैसा र प्रतिष्ठा होइन । पुर्षा र पुस्ताले सराप्ने यिनको कर्म कौरव कर्म हो । दुशासन चरित्र हो । नेपाली देशभक्त रहेछन्, फागुन २१ गते स्वराज जनताले स्वराज बचाउने सुरूआत गरेका छन् । यो स्वराजलाई उज्यालो राज बनाउनु छ ।

यसकारण एउटा धर्मयुद्धको खाँचो छ ।

बहुदल त कालरात्रि बनिहाल्यो, त्यसपछि अग्रगमनको छलाङ् भन्दै ल्याइएको लोकतन्त्र–गणतन्त्रका शासक प्रशासकहरु राजनीतिक पातक बनेर देश र जनतामाथि घातक प्रहार गरिरहे । ७ वर्ष अघि नै भारतले नेपाली भूमि कालापानी, लिपुलेक, लिम्पियाधुरालाई भारतको नक्सामा हाल्यो, भारतीय भूमि भन्यो । पातक राजनीति र घातक प्रशासन जिब्रो तालुमा टाँसेर बसिरहे । उत्तर र दक्षिणको प्रभाव बढ्दो छ, पश्चिमाको चक्रव्यूह पनि चलेकै छ । नेपाल चक्रव्यूहको अभिमन्यू बनेर मर्न सक्दैन । चक्रव्यूह चिर्न नेतागणले नसके जनताको राष्ट्रवादले चिर्छ । नेपाली साह्रै राष्ट्रवादी छन् ।

यसकारण एउटा धर्मयुद्धको खाँचो छ ।

एउटा बिस्फोट भदौ २३ र २४ मा भयो । अर्को बिस्फोट फागुन २१ को निर्वाचनमा भयो । तेश्रो विस्फोट जनादेश र मतादेशले बनेको सरकारले गर्नुपर्छ । नेपालीको इतिहास गोर्खाली इतिहास हो । धारिलो खुकुरीको इतिहास हो । जनताले निकै भर गरेर बनेको यो सरकारले जनआशा पूरा गरेगर्छ, नगरे जनताको वीरताको खुकुरी फेरि चम्किनेछ । अहिलेलाई यत्ति भनौं– जनता जागेका छन्, नयाँ पुस्ता जागेको छ । यो जागरण नेपाल राष्ट्र जिवन्त छ भन्ने ज्यूँदो प्रमाण हो । यही प्रमाणले नेपाल बनाउनु छ ।

एउटा धर्मयुद्धको खाँचो छ ।



पढ्थ्यौ हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरु ध्वस्त पारे समाज ।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

- अभियानवाणी

अभियान साप्ताहिक

## सम्पादकीय

# प्रतिशोधबाट सुरु भयो बालेन सरकारको सुशासन

*चैत्र १३ गते नवनिर्वाचित राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन साह र उनको नेतृत्वको सरकारले सपथ लिएको २४ घण्टा नविन्दै नेकपा एमालेका अध्यक्ष एव पूर्व प्रधानमन्त्री केपी ओली र तत्कालिन ओली नेतृत्वको सरकारका गृहमन्त्री रमेश लेखकलाई बालेन सरकारले शुक्रबार राती अर्थातशनिबार विहानै उनीहरूको निवासबाटै पक्राउ गरेको छ। ओली र लेखकलाई नेपाल प्रहरीले जरुरी पक्राउ पुर्जी दिएको छ। जरुरी पक्राउ पुर्जी भनेको केही व्यक्ति भागी हाल्ने र फेरी पक्राउ गर्न नसक्ने अवस्थामा मात्र त्यस्तो पुर्जी ठाउँका ठाउँ पर्चा खडा गरेर दिइने पुर्जी हो। ओली र लेखक भाग्न सक्ने अवस्था नै थिएन। उनीहरूलाई जतिबेला पनि पक्राउ गर्न सकिने अवस्था रहेको थियो तर किन जरुरी पक्राउ पुर्जी दिएर पक्राउ गरियो त्यो पनि विदाको दिनमा। विदाको दिनमा पक्राउ गर्दा उनीहरू आफूलाई पक्राउ गरिएको भन्दै अदालत जान सक्ने अवस्था नरहने र अदालत खुल्ने समयसम्म उनीहरूलाई प्रहरी हिरासतमा नै राख्न सकिने भएकाले रातारात उनीहरूलाई जरुरी पक्राउ पुर्जी दिएर पक्राउ गरिनु राजनीतिक प्रतिशोध बाहेक अन्य केही हुन सक्दैन।*

*गत भाद्र २३ गते भएको जेनजीहरूको विरोध प्रदर्शनमा भएको घटनामा गोली चलेको र केही व्यक्तिहरूको निधन भएको थियो। सो दिनको घटनाको विरोधमा भाद्र २४ गते विध्वसात्मक कार्य भएको थियो। भाद्र २४ गते सिंहदरबार, सर्बोच्च अदालत, संसद भवन, राष्ट्रपति कार्यालय, प्रधानमन्त्रीको सरकारी निवास लगायत राजनीतिक दलका शिर्ष नेताहरूका निजी निवासमा आगजनी, तोडफोड भएको थियो। सोही विषयलाई लिएर तत्कालनी प्रधानमन्त्री सुशिला कार्की नेतृत्वको सरकारले विवादास्पत व्यक्ति रहेका पूर्व न्यायाधिश गौरी बहादुर कार्कीको अध्यक्षतामा जाँचबुझ आयोग गठन गर्दै भाद्र २३ र २४ गतेको घटनाको जाँचबुझ गरी प्रतिवेदन पेश गर्न म्याण्डेट दिएको थियो। कार्की आयोगले फागुन २४ गते तत्कालीन प्रधानमन्त्री कार्कीलाई आफ्नो प्रतिवेदन बुझाई सकेको छ। बालेन सरकारले त्यो प्रतिवेदन कार्यान्वयन गर्ने निर्णय चैत्र १३ गतेको मन्त्रिपरिषद्को बैठकबाटै गरिसकेको अवस्था विद्यमान रहेको छ। तर, जाँचबुझ आयोगले भाद्र २३ गतेको मात्र जाँचबुझ गरेर प्रतिवेदन बुझाएको छ भने भाद्र २४ गतेको घटनाको अनुसन्धान गर्न भनेको छ। कार्की आयोगले सिफारिस गरेको प्रतिवेदनमा पूर्व प्रधानमन्त्री केपी ओली, पूर्व गृहमन्त्री लेखक, पूर्व प्रहरी महानिरीक्षक चन्द्रकुवेर खापुङ र पूर्व गृहसचिव लगायतलाई कारबाही गर्नु भनेको भएपनि बालेन सरकारले भने ओली र लेखकलाई मात्र फौजदारी कसुरमा कारबाही गर्ने उदेश्यले उनीहरूलाई पक्राउ गरिएको छ। उनीहरूको गिरफ्तारीमा फौजदारी कार्यविधि सहिंता २०४७ को दफा ९(६) को प्रयोग गरिएको छ। जसमा भनिएको छ, 'कुनै व्यक्ति भाग्ने वा या प्रमाण नष्ट गर्ने सम्भावना भएमा तत्काल पक्राउ गर्न सकिने उल्लेख गरिएको छ।'*

*बालेन सरकारले कहिले सत्ता आफ्नो हातमा आउला र पुराना सत्ताका अगुवाहरूलाई झ्यापझ्याप पार्न पाइएला भनेर आतुर भएजस्तो देखिएको छ। ओली लेखक भाग्न नसक्ने र प्रमाण समेत नष्ट गर्न सक्ने सम्भावना नै थिएन। किन कि उनीहरू सत्तामा थिएनन्। सत्तामा नभएका व्यक्तिले प्रमाण नष्ट गर्न सक्ने सम्भावना नै हुँदैन। राजनीतिक परिवर्तन पछि आएको बालेन सरकारले पहिलो बैठकबाटै जनतालाई राहत र डेलिभरी दिने निर्णय गरेर जनताको हितमा लाग्नुपर्ने भएपनि ऊ प्रतिशोध लिने उदेश्यका साथ अघि बढ्न खोजेको जस्तो देखिएको छ। गौरीबहादुर कार्की नेतृत्वको आयोगले बुझाएको प्रतिवेदनलाई नेकपा एमालेले अस्वीकार गरिसकेको छ। कार्की जाँचबुझ आयोगको अध्यक्ष हुनु अघि नै ओलीमाथि कानुनी कारबाही हुनुपर्दछ भन्दै आएका व्यक्ति हुन्। भाद्र २३ तेको घटनाको जिम्मेवारी लिनुपर्दछ भन्दै उनी भाग्न सक्ने भएकाले उनलाई निगरानीमा राख्नुपर्दछ भन्ने स्टाटस लेख्दै आएका व्यक्ति भएकाले कार्की आयोगको प्रतिवेदनलाई स्वीकार गर्न सक्ने अवस्था देखिँदैन।*

*कार्की आयोगको प्रतिवेदनका आधारमा अरुका हकमा अनुसन्धान गर्ने तर ओली र लेखकका हकमा पूर्णतया अधिकारिक रुपमा सार्वजनिक भै नसकेको संसदको पुस्ताकालयमा मात्र राखिएको प्रतिवेदन बालेन सरकारले पहिलो मन्त्रिपरिषद्को पहिलो बैठक कार्यान्वयन गर्ने निर्णय हुनु नै हतारोको उपज मात्र नभएर ओली लेखकलाई पक्राउ गर्न बालेन सरकार कति हतारमा रहेछ भन्ने प्रष्ट भएको छ।*

*यसरी पटक पटक प्रधानमन्त्री रहिसकेका र पार्टीको अध्यक्ष समेत रहेका व्यक्तिलाई रातारात अमानवीय तवरबाट पक्राउ गर्नु राजनीतिक प्रतिशोध बाहेक अन्य केही हुन सक्दैन। कार्की आयोगले दिएको प्रतिवेदन सरकारका लागि सूचना बाहेक अन्य केही हुन सक्दैन त्यो विषयमा सरकारले अनुसन्धान गराउन सकछ। आयोगको प्रतिवेदनलाई अध्ययन गरेर पुन अनुसन्धान गरी दोषी देखिएममा कारबाही गर्न सक्ने सम्भावना नभएकाले गर्दा हतार हतारमा उनीहरूलाई पक्राउ गरी बालेन सरकारले प्रतिशोध लिन खोज्नुले मुलुक पुन संकटतर्फ धकेलिन सक्छ। त्यसकारण तत्काल ओली लेखकलाई रिहा गरिनु उपयुक्त हुन सक्छ भन्ने हामीले ठानेका छौँ।*

# रास्वपाको ऐतिहासिक अग्निपरीक्षा

**इन्द्रप्रसाद गोतामे**

रास्वपाको सफलता दलहरूबिचको अपवित्र गठबन्धन होइन, बरू जनताले देशको विकास र जनजीविकाका लागि रास्वपासँग गरेको सिधा 'जन-गठबन्धन' हो

नेपालको राजनीति अहिले एउटा अभूतपूर्व 'सिफ्ट' र संक्रमणकालबाट गुज्रिरहेको छ । दशकौँदेखि सत्तामा रहेका पुराना दलको कार्यशैलीप्रति जनतामा व्याप्त वितृष्णा र 'डेलिभरी'को हुटहुटीले नयाँ राजनीतिक शक्ति राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)लाई वैकल्पिक शक्तिबाट मुख्य शक्तिमा रूपान्तरण गरी सिंहदरबारमा स्थापित गराएको छ ।

वेस्टमिन्स्टर प्रणालीअनुसार पटक-पटकको अस्थिरतालाई अन्त्य गर्ने नाममा विगतमा कहिले कांग्रेस-माओवादी, कहिले एमाले-माओवादी त कहिले अन्य दलको बाध्यता भनौँ वा अप्राकृतिक र केवल सत्ताकेन्द्रित गठबन्धनले जनतालाई सधैँ रमिते बनाए । तर, यसपटक जनताले कुनै दलको ह्विप वा दलीय निष्ठाभन्दा माथि उठेर रास्वपामाथि विश्वास खन्याएका छन् ।

यो कुनै दलबिचको अपवित्र गठबन्धन होइन, बरू जनताले देशको विकास र जनजीविकाका लागि रास्वपासँग गरेको 'सीधा जन-गठबन्धन' हो । जनताले झन्डै दुईतिहाइ मत दिएर रास्वपालाई जुन जिम्मेवारी सुम्पिएका छन्, रास्वपाका लागि सत्तामा पुग्नु गन्तव्य होइन, बरू यो त एउटा ऐतिहासिक 'अग्निपरीक्षा' हो । जटिल समस्याको भुमरीमा फसेको देशलाई नयाँ गति दिन अब कुनै 'पपुलिस्ट' नाराले काम गर्दैन, बरू स्पष्ट, साहसिक र कठोर नीतिगत सुधारको आवश्यकता पर्छ ।

नेपालको राजनीतिक इतिहास अस्थिरताको एउटा दुश्चक्रबाट गुज्रिरहेको छ । २०१५ सालको दुईतिहाइको कांग्रेस सरकार, ०४६/४७ पछिको बहुमतको कांग्रेसको सरकार, ०६४ को माओवादीको लगभग बहुमतको सरकार, २०७४ को नेकपाको स्पष्ट बहुमतको सरकार, यी सबै कालखण्डमा जनताले विकास र स्थिरताको ठुलो अपेक्षा गरेका थिए । तर, दुःखद सत्य यो हो कि ती सबै सरकार वेस्टमिन्स्टर प्रणालीको गोलचक्करमा फसेर ढले । शासकीय स्वरूपको यो 'खेल'ले गर्दा प्रधानमन्त्री पद 'म्युजिकल चेयर'जस्तो भयो, जसको सोझो असर राष्ट्रिय विकास र सुशासनमा पऱ्यो ।

नेपालमा पटक-पटक स्थिर सरकार नबन्नुको मुख्य कारण हाम्रो शासकीय स्वरूप नै हो । वेस्टमिन्स्टर प्रणालीले जबसम्म संसदीय अंकगणितमा मात्रै सरकारको आयु निर्धारण गरिरहन्छ, तबसम्म 'डेलिभरी' सम्भव छैन । संविधान निर्माणका वेला माओवादीले जोडदार रूपमा 'प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति'को माग गरेको थियो । लोकतन्त्रमा कार्यपालिका स्थिर होस् र जनताप्रति जवाफदेही होस् भन्ने त्यो मागलाई त्यतिवेला संसदीय अंकगणित नपुगेर २०७२ को संविधानमा 'नोट अफ डिसेन्ट' मा राख्न बाध्य पारियो । आज, नयाँ पुस्ता (जेन-जी) ले त्यही मागलाई आफ्नो प्रमुख एजेन्डा बनाएको छ ।

रास्वपाले आफ्ना नीतिलाई इमानदारीसाथ कार्यान्वयन गर्न सके नेपालले केही वर्षमै आर्थिक फड्को मार्न सक्छ र जनताको भरोसा जोगिनेछ, पुराना दलकै शैलीमा अल्झिए यो परिवर्तनको लहर पनि इतिहासको एउटा 'असफलता' साबित हुनेछ

रमाइलो संयोग के छ भने माओवादीलाई पुरानो पार्टी भनिए पनि उसले जेन-जीको यो विद्रोहलाई समर्थन गरिरहेको छ, किनकि त्यो उनीहरूको पुरानो माग 'प्रत्यक्ष निर्वाचित कार्यकारी, सुशासन, सामाजिक न्याय र समृद्धिको 'अधुरो' एजेन्डासँग मिल्दोजुल्दो छ । हिजोका ती राजनीतिक कमजोरीबाट पाठ सिक्दै, रास्वपा, नेपाली कम्युनिस्ट पार्टीजस्ता नयाँ शक्तिले अब यस्तो प्रणालीको वकालत गर्नुपर्छ, जसले सरकारलाई पाँच वर्ष ढुक्कसँग काम गर्ने वातावरण देओस् ।

सुशासन : इतिहासले हामीलाई एउटा निर्मम पाठ सिकाएको छ । ०४६ पछिको संसदीय व्यवस्थामा नीतिगत भ्रष्टाचार नै विकासको सबैभन्दा ठुलो 'क्यान्सर' बन्यो । कर्मचारीतन्त्रभित्र मौलाएको भ्रष्टाचार अन्त्य गर्न अब सामान्य सुधारले काम गर्दैन, यसका लागि 'डिजिटल सर्जरी' नै चाहिन्छ ।

रास्वपा सरकारको पहिलो प्राथमिकतामा 'उच्चस्तरीय सम्पत्ति छानबिन आयोग' पर्नुपर्छ । ०४६ यताका प्रधानमन्त्री, मन्त्री र उच्चपदस्थ कर्मचारीको सम्पत्ति छानबिन गरी स्रोत नखुलेको सम्पत्ति राष्ट्रियकरण गर्ने आँट र अन्यका हकमा स्रोत नखुलेको सम्पत्तिलाई एउटा निश्चित करको दायराभित्र ल्याएर शुद्धीकरण गरिएन भने सुशासनको गफ केवल कोरा कल्पना मात्र हुनेछ । नागरिकताजस्तै सबैलाई पान नं. अनिवार्य गर्दै, प्रशासनलाई 'फेसलेस' र 'पेपरलेस' बनाउँदै इ-गभर्नेन्सलाई अनिवार्य गरिनुपर्छ । जब सेवाग्राही र सरकारी कर्मचारीको प्रत्यक्ष भेटघाट घट्छ, तब 'टेबलमुनिको लेनदेन' आफैँ कम हुन्छ । साथै, जनप्रतिनिधिले काम गर्न नसके फिर्ता बोलाउन सक्ने 'राइट टु रिकल' र 'नो भोट'को अधिकार सुनिश्चित गरेर मात्र लोकतन्त्रलाई जीवन्त बनाउन सकिन्छ ।

आर्थिक दर्शन : नेपालको अर्थतन्त्रलाई कसरी गति दिने ? उत्तर सहज छ- स्रोतको समुचित परिचालन र व्यावहारिक समाजवादबाट । शिक्षा र स्वास्थ्यमा राज्यको बलियो लगानी, तर उद्योग र व्यापारमा खुला प्रतिस्पर्धा हुन आवश्यक छ । नेपालको जलस्रोत र खानीको कथा दशकौँदेखि सुनाइएको छ, तर कार्यान्वयन निकै धिमा छ । रसुवाबाट सुरू भएको स्थानीयलाई जलविद्युत्मा १० प्रतिशत सेयर दिने 'लोकप्रिय मोडल' अब ढुंगा, गिटी, बालुवा, वन र खनिजमा पनि लागू गरिनुपर्छ । गणेश हिमालको सिसा, जस्ता, धौबादीको फलाम, तामा, रूबी, सुन र युरेनियमजस्ता खानीलाई 'नेपाल खनिज विकास प्राधिकरण'मार्फत अन्तर्राष्ट्रिय मापदण्डमा उत्खनन गर्नुपर्छ । बन्द भएका उद्योगलाई सार्वजनिक-निजी साझेदारी (पिपिपी) मोडलमा पुनः सञ्चालन गरी स्वदेशी रोजगारी सिर्जना गर्नु आजको अनिवार्य आवश्यकता हो ।

कृषि क्रान्ति : बिचौलियाको सिन्डिकेट अन्त्य गरी कृषिप्रधान मुलुकमा किसानले मूल्य नपाउने, तर उपभोक्ताले महँगोमा किन्नुपर्ने विडम्बना अन्त्य गर्नु अब बन्ने सरकारको अग्निपरीक्षा हो । किसान र बजारबिचका बिचौलियाको सिन्डिकेट तोड्न स्थानीय तहमा 'सरकारी संकलन केन्द्र' र कोल्ड स्टोरेज अनिवार्य स्थापना गरिनुपर्छ ।

बाँझो जग्गालाई 'ल्यान्ड पुलिङ' गरी सहकारीमार्फत व्यावसायिक खेतीमा लगाउनुपर्छ । अर्ग्यानिक कृषि हब निर्माण गरेर यसलाई पर्यटनसँग जोड्ने 'एग्रो-टुरिजम'को अवधारणाले गाउँ-गाउँमा पैसा र रोजगारी दुवै फर्काउन सक्छ । अन्तर्राष्ट्रिय बजारका लागि मूलतः नेपाली रैथाने उत्पादनलाई 'ब्रान्डिङ' गर्न बलियो 'क्वालिटी कन्ट्रोल' संयन्त्र आवश्यक छ ।

शिक्षा र स्वास्थ्य : बेरोजगार उत्पादन गर्ने परम्परागत शिक्षालाई अब ७० प्रतिशत प्राविधिक शिक्षामा बदल्नुपर्छ । विद्यार्थी विद्यालयबाट निस्किँदा उसको हातमा कम्तीमा एउटा सीप हुनुपर्छ, जसबाट ऊ स्वरोजगार बन्न सकोस् । स्वास्थ्यतर्फ पाँच लाखको स्वास्थ्य बिमालाई 'स्मार्ट हेल्थ कार्ड'सँग जोडेर देशका जुनसुकै अस्पतालमा कुनै झन्झटबिनै नगदले भन्दा स्मार्ट कार्डले तत्काल उपचार पाउने सुनिश्चितता गरिनुपर्छ । यो सेवालाई नागरिकको अनिवार्य अधिकारका रूपमा सुनिश्चित गरिनुपर्छ ।

भूराजनीति : चीन र भारतजस्ता दुई ठुला अर्थतन्त्रका बिचमा रहेको नेपालको भूराजनीतिक अवस्थितिका कारण यहाँ अमेरिकी विश्व व्यवस्थाको पनि चासो बढ्दो छ । अबको सरकारले अपनाउने परराष्ट्र नीति 'गतिशील तटस्थता'मा आधारित हुनुपर्छ । कसैको पक्ष वा विपक्ष नभई नेपाललाई 'दुई अर्थतन्त्र जोड्ने पुल'का रूपमा विकास गर्नुपर्छ । नेपालले असंलग्न, सन्तुलित र समदुरीको परराष्ट्र नीति अपनाउनुपर्छ ।

०७२ को संविधान निर्माणपछि राजनीति र कूटनीति असफल भई सैन्य कूटनीति हाबी हुँदै गएको छ । त्यसलाई राजनीतिक कूटनीतिमा बदल्न सक्नुपर्छ । यो सामान्य तर निकै गम्भीर विषय हो । यसलाई निकै बुद्धिमत्तापूर्ण ढंगले लागू गर्न सक्नुपर्छ । कुनै पनि सैन्य गठबन्धनबाट टाढा रहेर आफ्नो आर्थिक स्वार्थमा केन्द्रित हुनु नै नेपालको दीर्घकालीन रक्षा रणनीति बन्नुपर्छ ।

सामाजिक सुधार : नेपाली समाजमा देखासिकीमा हुने फजुल खर्च (विवाह, व्रतबन्ध, मृत्युसंस्कारमा हुने भड्किलो खर्च) आर्थिक विकासको एउटा अदृश्य बाधक हो । सरकारले 'सामाजिक व्यवहार सुधार ऐन' ल्याई यस्ता भड्किला संस्कारलाई नियन्त्रण गर्नुपर्छ । फजुल खर्च रोक्दा जोगिने रकमलाई उत्पादनमा लगाउने नीति हुनुपर्छ । राज्यस्तरबाट हुने अनावश्यक सुरक्षा लस्कर र सवारी साधनको कटौतीले मात्र पनि राज्यको ढुकुटीमा ठुलो बचत हुन सक्छ । बचत भएको यो रकमलाई साना तथा मझौला उद्योग र 'स्टार्टअप'मा लगानी गर्ने नीति बनाउनुपर्छ । यसले समाजमा ठुलो आर्थिक अनुशासन र क्रान्ति ल्याउनेछ ।

नयाँ पुस्ताको स्पष्ट माग छ- केन्द्र र प्रदेशमा प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख, विज्ञहरूको सानो मन्त्रिमण्डल र संविधानमा रहेका कमजोरी सच्याउन अब बन्ने सरकारले नेतृत्व लिनुपर्छ । पूर्ण समानुपातिक निर्वाचन प्रणाली लागू गर्दै नागरिकता लिएकाहरूलाई स्वतः मतदाता सूचीमा राख्ने, नागरिकता नै 'भोटर कार्ड' हुने र विदेशमा रहेका लाखौँ नेपालीलाई 'भोटिङ' अधिकार दिने कार्य तत्काल लागू हुनुपर्छ । गैरआवासीय नेपालीलाई 'एकपटकको नेपाली, सधैँको नेपाली' भन्ने भावनासाथ दोहोरो नागरिकताको अधिकार सुनिश्चित गरी डायस्पोरामा रहेको पुँजी र सीपलाई नेपाल फर्काउन भूमिका खेल्नुपर्छ ।

सहकारी ठगीबाट पीडित लाखौँ जनताको बचत फिर्ता गर्नु यो सरकारको पहिलो प्राथमिकता हुनुपर्छ । ठगहरूको सम्पत्ति जफत गरी बचतकर्तालाई रकम फिर्ता गर्ने र सहकारीलाई पुनः जनविश्वासको केन्द्र बनाउन कडा नियमनकारी निकाय बनाउनुपर्छ । युवालाई विनाधितो सरल कर्जा, उत्पादनका आधारमा अनुदान र प्रविधिमा सहुलियत दिएर'उद्यमशीलता'लाई प्रोत्साहित गर्नुपर्छ । प्रत्येक स्मार्टफोनमा सस्तो र भरपर्दो इन्टरनेट पुऱ्याई सूचना प्रविधिलाई आर्थिक वृद्धिको मेरूदण्ड बनाउनुपर्छ । अन्तर्राष्ट्रिय मापदण्डअनुसार श्रमको मूल्य निर्धारण गर्ने हो भने विदेशमा रहेका युवालाई नेपाल फर्किन र नेपालको युवा पलायनलाई रोक्न सकिनेछ ।

रास्वपाका लागि अबका दिन राजनीति गर्ने मात्र होइन, 'डेलिभरी' देखाउने दिन हुन् । रास्वपाले आफ्ना नीतिलाई इमानदारीसाथ कार्यान्वयन गर्न सके नेपालले केही वर्षमै आर्थिक फड्को मार्न सक्छ । यी कठोर नीतिमा सम्झौता भएन भने मात्र जनताको भरोसा जोगिनेछ, पुराना दलकै शैलीमा अल्झिए यो परिवर्तनको लहर पनि इतिहासको एउटा 'असफलता' साबित हुनेछ । अबको सरकारलाई सस्तो लोकप्रियता खोज्ने 'बहादुरी' होइन, केवल 'विज्ञता, इमान र तीव्र इच्छाशक्ति'को खाँचो छ ।

यो जनमतको भारी र रास्वपाको कार्यक्षमतामाथि नै देशको आगामी दिशा निर्भर छ । रास्वपाले अपेक्षाअनुरूप काम गर्न सकेन भने देश फेरि गहिरो निराशामा धकेलिन सक्छ । यसले नेपाललाई दुईवटा विन्दुमा उभ्याउनेछ, या त यो संसदीय व्यवस्था पूर्णतः विफल भएर देश पश्चगामी दिशामा जानेछ, या त समाजको प्रगतिकामी चेतनाले नयाँ मोड लिँदै वैज्ञानिक समाजवादतर्फको क्रान्तिलाई जन्म दिनेछ ।

तर, देशले सही मार्ग समात्यो र यी नीतिमार्फत राष्ट्रिय पुँजीको निर्माण तथा रोजगारीको व्यापक सिर्जना हुन सक्यो भने नेपालले सुखद आर्थिक रूपान्तरणको बाटो तय गर्नेछ । अन्त्यमा, गन्तव्य चाहे जुनसुकै होस्, आजको युग सुहाउँदो 'वैज्ञानिक समाजवाद' नै नेपालको दिगो भविष्यको अन्तिम साध्य बन्न सक्छ । - *नयाँ पत्रिका*

# वालेन्द्रलाई भुइँमान्छेका प्रश्नै–प्रश्न

चन्द्रकिशोर

चैतावर लोकगीत (चैता गीत) तराईका कतिपय भाषाहरूमा बडो समृद्ध भावका साथ अभिव्यक्त गरिएका छन् । चैतावर शब्दको अर्थ हो- चैत्रसँग सम्बन्धित । चैतावर लोकगीत ऋतुविशेष (वसन्तबाट ग्रीष्मतर्फ संक्रमण) को गीत हो । जब जाडो समाप्त हुन्छ, रूखहरूमा नयाँ पात पलाउँछ, आँपमा मुजुरा लाग्न थाल्छ र प्रकृति एक नयाँ उर्जाले भरिएको हुन्छ । त्यही समयको गीत हो यो ।

चैतावरका लोक सांस्कृतिक बिम्ब, जहाँ प्रकृतिको नवोन्मेष र मनका विरह साथ-साथ हिँड्छन् । नेपालको वर्तमान राजनीतिलाई अर्थ्याउन यो अत्यन्तै सशक्त रूपक बन्न सक्छ । यो बिम्बले हामीलाई एक यस्तो स्थितिसँग साक्षात्कार गराउँछ, जहाँ बाहिर हरियाली छ, तर भित्र बेचैनी, बाहिर परिवर्तनको स्वर छ, तर भित्रभित्रै कम्पन ।

चैतावरमा आँपको रूखमा मन्जरी आइसकेको हुन्छ, जो भविष्यका फलको संकेत हो । नेपालको राजनीतिमा पनि पटक-पटक नयाँ आकांक्षा (नयाँ सरकार, नयाँ चेहरा, नयाँ नारा) निर्माण हुन्छ, तर त्यो लटरम्म फलेको फलमा विकसित हुँदैन । यतिखेर राजनीति फेरि फुलेको छ, तर फल अझै टाढा छ ।

चैतावरमा कोइलीको आवाज मधुर हुन्छ, तर त्यो केवल ध्वनि हो । कुनै ठोस परिवर्तन होइन । हिजोसम्मको राजनीतिले स्मरण गराउँछ- नेताहरूका भाषण, घोषणा र नारामा मिठास यसैप्रकारले छचल्किन्थ्यो । जनता हरेक पटक सुन्थे, भावुक हुन्थे र अन्ततः निराश हुँदै आए । चैतावर लोकगीतमा एक भाव 'विरह' हो ।

चैतावरमा कोइलीको आवाज मधुर हुन्छ, तर त्यो केवल ध्वनि हो । कुनै ठोस परिवर्तन होइन । हिजोसम्मको राजनीतिले स्मरण गराउँछ- नेताहरूका भाषण, घोषणा र नारामा मिठास यसैप्रकारले छचल्किन्थ्यो । जनता हरेक पटक सुन्थे, भावुक हुन्थे र अन्ततः निराश हुँदै आए । चैतावर लोकगीतमा एक भाव 'विरह' हो । प्रिय टाढा छन्, मिलनको आकांक्षा छ । जनता आफ्नै राज्यसँग विरहमा रहे । लोकतन्त्र थियो तर आफ्नोपन थिएन, प्रतिनिधि थिए तर प्रतिनिधित्वको भाव कमजोर रह्यो । चैतावर एक संक्रमणको समय हो । न पूरै वसन्त, न त पूरै गर्मी । नेपालको राजनीति पनि लामो समयदेखि एक संक्रमणकालमै छ, संविधान आएपश्चात् पनि स्थिरताको अभाव, संस्थाहरु अधुरो ढंगले परिपक्व र मर्जीवालहरूको शासन ! मुलुक अहर्निश चैतावरमा फसिरह्यो । यहीनिर त्यो शाश्वत जिज्ञासा छ- के यो मन्जरी फलमा बदलिने छ ? कि यो केवल मौसमी भ्रम हो ?

नेपालको राजनीतिमा पटक-पटक 'नयाँ सुरूआत' को दाबा गरिन्छ । हरेक नयाँ सरकारले आफूलाई पछिल्लोभन्दा उत्तम रहने दाबी गर्छन् । तर, समयको पाङ्ग्रोले यो प्रस्ट पार्दै जान्छ कि परिवर्तनको यो प्रक्रिया सतही हो । जवाफदेहीको अभाव यस 'मुना' लाई टिकोला (चिचिला) बन्नबाट रोक्छ । जनतामा गहिरो संशय त्यसै पलाएन । आकांक्षाका मुजुरा पलाउँछ, त्यो फल त के चिचिला बन्न पनि भ्याउँदैन । र, एक सपना फेरि विसर्जित हुन पुग्छ ।

नेपाली लोकतन्त्रको इतिहासमा यो चुनावी परिणाम सधैं सम्झिराख्नुपर्ने हुन्छ । किनभने यसको कारण राजनीति संरचनात्मक रूपमा एक दलको प्रभुत्व अधीन भयो । प्रतिनिधिसभामा एउटै दल-महाप्रबलको स्थिति बन्यो । एक साता मात्रैको वालेन्द्र शाह नेतृत्वका सरकारको हाउभाउ देख्दा यिनले बहुदलीय व्यवस्थामा 'निर्दलीय' अभ्यास गरिरहेको देखिन्छ । पञ्चायतका बखत इतर राजनीतिक विचारधाराका व्यक्तिहरु चुनाव लडे र तत्कालीन संसद्मा पुगे ।

वालेन्द्रको कार्यशैली चियाउँदा लाग्छ, उनी दलीय प्रणालीसँग तालमेल मिलाउन गम्भीर छैनन् । उनले दलीय राजनीतिको साटो कामको राजनीति, विचारधाराको साटो परिणामलाई प्राथमिकतामा राखेका छन् । उनी राजनीति गरिरहेका त छन्, तर त्यसलाई 'राजनीति' भन्नमा परहेज राख्छन् । निर्दलीय चरित्र बोकेका नेता प्रायः 'डोपामिन राजनीति' गर्छन् ।

निर्वाचित नयाँ संघीय सरकार यतिखेर घोषणा, कारबाही र सुधारको भाषामा आफूलाई प्रस्तुत गरिरहेको छ । दस्तावेजमा सबैथोक व्यवस्थित, आकर्षक



र बदलावमुखी देखिन्छ- डिजिटल शासन, पारदर्शिता, जवाफदेही, सेवा प्रवाहमा सुधार, प्रशासनिक पुनर्गठन । मोटो तवरमा हेर्दा वर्तमान संघीय सरकार आफ्नो भूमिकालाई लिएर गम्भीर देखिन्छ । तर, जब यो चम्किलो प्रचारबाजीमा मुग्ध हुनुभन्दा बाहिर निस्किएर गाउँ-देहाततिर गइन्छ तब एक प्रश्नसँग जम्काभेट हुन्छ, 'के यो सरकार भुइँमान्छेलाई देखिरहेको छ कि केवल त्यसको कल्पना गरिरहेको छ ?' हो यहीनिर 'भुइँयथार्थ' को प्रश्न सुरू हुन्छ । कागजको देश र असली देशबीचको भिन्नता नबुझेसम्म सबै कुरा केवल 'माथि-माथि' नै हुन्छ ।

सिंहदरबारमा बसेर गरिने निर्णय प्रायः एक 'विशेष वर्गका नागरिक' को कल्पनामा आधारित हुन्छ । त्यो समूह जो शिक्षित छ, सरकारी सूचनामा सहज पहुँच छ, जो डिजिटल माध्यमहरूको उपयोग गर्न सक्छ र तिनका समस्या प्रशासनिक दक्षताले व्यवस्थापन गर्न सकिन्छ । यो समूहलाई लक्षित गतिविधि गर्ने सरकारको नेतृत्व जसले गरे पनि यसले मूलतः 'डोपामिन सरकार' को संज्ञा पाउने चरित्र बोक्छ । डिजिटल युगमा 'डोपामिन' एक रूपक बन्न पुगेको छ ।

यस्तो चिजहरूका लागि जो तुरून्त आकर्षित गरोस्, जल्दी सन्तुष्टि देओस् । 'डोपामिन' सरकारको विशेषण तबसम्म कायम रहन्छ जबसम्म वर्तमान सरकार त्वरित, दिखाउ र भावनात्मक सन्तुष्टि दिने कदममाथि निर्भर रहन्छ । जब यसले चिचिलालाई फलमा रूपान्तरण गर्न संस्थागत गरिमा, संसदीय गुणवत्ता र दीर्घकालिक सुधारलाई आकार दिन्छ तब समयक्रममा आमजनले विशेषण पनि बदल्न पुग्छ होला ।

प्रियतावादी गतिविधिका लाभ प्रायः अर्बन र सेमी अर्बनका 'प्रिविलेज' समूहले पाउँछन् । र, यस्ता समूहका लागि नेपाल एक 'पिनकोड एड्रेस' जस्तै मात्र हो । यो वर्गलाई सरकारसँग यति मात्रै अपेक्षा छ कि 'ओटीपी' थिचेपछि सरकारी सेवामा सहज पहुँच भइहालोस् । पहिलो सातामा परिलक्षित सरकारी दृष्टिबाट यो सरकार 'प्रोब्लम अफ प्रिविलेज' मा अधिक फोकस हुँदै गरेको अर्थ लाग्दै छ । तर, नेपालको असली नागरिक जो दूरदराजका गाउँमा बस्छन्, तिनका दुनियाँ फरक छ ।

यदि आममानिस केन्द्रमा छैन भने त्यो नीति 'एलिट प्रोजेक्ट' बन्न पुग्छ । नीति तब सफल हुन्छ जब आमजनका आवश्यकता पूरा हुन्छ र तिनका जीवनमा गुणात्मक सुधार हुन्छ । एउटा अन्तिम पंक्तिमा खडा भएको मान्छे यो सोच्दैन कि डिजिटल सेवा कत्तिको द्रुत भयो ? उसले सोच्छ- आज मजदुरी पाइन्छ कि पाइँदैन ? उसले यो सोध्दैन कि सरकारी पोर्टल काम गरिरहेको छ कि छैन ? उसले थाहा पाउन चाहन्छ- छेउको स्वास्थ्य चौकीमा औषधि पाइन्छ कि पाइँदैन ? दरबन्दी अनुसारको स्वास्थ्यकर्मी छ कि छैन ? जबसम्म भुइँतहका अवस्थालाई नजरअन्दाज गरिन्छ त्यो केवल एक 'कल्पित देश' मा निर्णय लिँदै गरिएको मानिन्छ ।

डिजिटल शासनले जनतालाई केवल 'डेटा' मा रूपान्तरण गर्दै जान्छ । उसले व्यक्तिको जीवन्ततालाई बिर्सिंदै गएको हुन्छ । यसले यो बताइरहेको हुन्छ 'यति प्रतिशत जनताले सेवा पायो', तर यो बताउन सकिरहेको हुँदैन कि त्यो प्रस्तावित सेवाहरूको अनुभव कस्तो रह्यो ? के त्यो सम्मानजनक रहनेछ ? के त्यो वास्तवमा उपयोगी वा कारगर हुनेछ ? यस्ता प्रश्नले सत्ताको साखलाई स्थापित गर्न सक्छ । प्रत्येक निर्वाचित शासक भन्ने गर्छन् कि जनताको आवाज सर्वोपरि हो । तर, मूल प्रश्न हो- आमजनका आवाजलाई सुनिने सुनिश्चितता कायम गरिँदै छ ? कि उसका नाममा केवल निर्णय लिने काम गरिँदै छ ?

डिजिटल शासनले जनतालाई केवल 'डेटा' मा रूपान्तरण गर्दै जान्छ । उसले व्यक्तिको जीवन्ततालाई बिर्सिंदै गएको हुन्छ । यसले यो बताइरहेको हुन्छ 'यति प्रतिशत जनताले सेवा पायो', तर यो बताउन सकिरहेको हुँदैन कि त्यो प्रस्तावित सेवाहरूको अनुभव कस्तो रह्यो ? के त्यो सम्मानजनक रहनेछ ? के त्यो वास्तवमा उपयोगी वा कारगर हुनेछ ?आजको राजनीतिमा 'सुन्ने' को अर्थ बदलिँदै आएको छ । सामाजिक सञ्जालमा प्रतिक्रियाहरु हेर्नु, सर्वे रिपोर्ट पढ्नु, कृत्रिम बुद्धिमत्ताबाट सूचना बटुल्नु वा केही प्रतिनिधिसँग भेट्नुलाई नै जनताको आवाज-आकांक्षा मानिने गरिन्छ । तर, यो खतरनाक सरलीकरण हो । नेपाल आज यस्तो घुम्तीमा खडा छ, जहाँ उसँग अवसर पनि छ, खतरा पनि ।

अवसर यो हो कि यसले लोकतन्त्रलाई अधिक गहिरो, ज्यादा समावेशीतर्फ फड्को मार्न सक्छ । खतरा यो हो कि यो केवल औपचारिक ढाँचामा सीमित बनाइन सकिन्छ । यसकारण सबैभन्दा ठूलो जरूरी छ कि लोकतन्त्रलाई केवल 'प्रबन्ध' का रूपमा नदेखेर एक जीवन्त अनुभवका रूपमा सरकारले बुझोस् । डेटा सञ्चालित शासनले तथ्यांक, सर्वेक्षण र सूचकांकलाई नीति निर्माणको आधार बनाउँछ । तर, यो प्रक्रियामा एक महत्वपूर्ण समस्या टुसाउँछ, जसलाई समाज विज्ञानको भाषामा 'एपिस्टेमिक दूरी' भन्न सकिन्छ अर्थात् ज्ञान निर्माण र वास्तविक अनुभवबीचको बढ्दै गरेको दूरी । नीतिगत दस्तावेज 'औसत नागरिक' को अवधारणामा आधारित हुन्छ । जबकि वास्तविक समाज बहुस्तरीय असमानता, सांस्कृतिक विविधता र भौगोलिक विषमताद्वारा निर्मित हुन्छ । सरकारमा साँच्चिकै 'केही गर्छु' भन्ने इच्छा शक्ति छ भने उसले जीवित यथार्थ (लाइभ्ड रियलिटी) सँग परिचित हुने सार्थक माध्यमहरूको छनोट गर्नैपर्छ ।

लोकतन्त्रको पारम्परिक सिद्धान्तले मान्दछ- निर्वाचित प्रतिनिधिले जनताका आंकाक्षा र हितको प्रतिनिधित्व गर्छ । तर, विगतको अनुभव कटु-मधु रह्यो । व्यवहारमा यो प्रतिनिधित्व प्रायः 'औपचारिक' हुन पुग्छ, 'सार्थक' हुन सकेन । यस्तो प्रवृत्ति नै बाक्लिँदै रह्यो, जसकारण सत्तारूढ दलभित्र निर्णय प्रक्रियाको केन्द्रीकरण, नेतृत्वको सीमित सामाजिक आधार र नीति निर्माणमा स्थानीय अनुभवको अपर्याप्त उपस्थिति नै मुख्य थियो ।

यसले गर्दा सरकारको नेतृत्व विभिन्न दलहरूले गर्दै रहे । परिणाममा लोकतन्त्र एक 'प्रतिनिधित्व मूलक संरचना' का रूपमा त रह्यो, तर त्यसले समाजको व्यापक वर्गका अनुभवलाई समुचित रूपमा अभिव्यक्त गर्न असमर्थ रह्यो । यो सरकारले यस पक्षमा विचार पुर्‍याउने हो कि ? यो प्रश्न केवल एक नैतिक अपिल होइन, यो त लोकतान्त्रिक वैधताको केन्द्रीय तत्त्व बनेको छ ।

भुइँमान्छेका आवाज प्रायः एक सरल र स्वाभाविक अवधारणाका रूपमा प्रस्तुत गरिन्छ । तर, यो एक जटिल सामाजिक-राजनीतिक निर्माण हो । को बोल्न सक्छ ? कसको कुरा सुनिन सकिन्छ ? कुन माध्यमबाट आवाज सिंहदरबारसम्म पुग्न सक्छ ? यी सबै थोक सत्ता-सम्बन्धसँग गाँसिएको छ । हिजोको सत्ताले सबैलाई बोल्ने अवसर त दिएको थियो, तर सबैको आवाजले समानस्तरमा प्रभाव कायम राख्दैनथ्यो । निकट अतीतका ती 'विमर्शात्मक असमानता' (डिस्कर्सिब इनइक्वालिटी) अब त निर्मूल गरिनुपर्छ भन्ने हेक्का यो सरकारले राख्नैपर्छ ।

गौर, रौतहटको एक चिया संवादमा सुनियो, 'दलविशेषसँग गाँसिएर पनि अहिले वालेन्द्र शाह किन स्वतन्त्र हैसियतको झझल्को दिने अभ्यास गर्दै छन् ?' यो संवादले संकेत गर्‍यो कि लोकतन्त्रलाई एक प्रक्रियात्मक व्यवस्था (प्रोसिड्युरल सिस्टम) मात्रै बुझ्नु हुँदैन । पूर्ववर्ती सरकारहरूले चुनाव, संस्थाहरु र नियम कानुन त स्वीकार गरेकै थियो । तर, जनअपेक्षाले त्यति मात्रलाई पर्याप्त ठानेनन् ।

एक सामान्य नागरिकले दैनिक जीवनमा राज्यलाई कसरी अनुभव गर्छ ? सेवाहरूमा गुणवत्ता कस्तो छ ? तिनका गरिमाको कत्तिको सम्मान भइरहेको छ ? सरकारहरूले अनुभवात्मक (एक्सपेरिमेन्टल) दृष्टिकोण राख्न सकेनन्, जसले गर्दा राज्य र जनताबीच भयानक खाल्डो बन्यो र उथलपुथल भयो । जबसम्म आजको सत्ताले ज्ञान निर्माण र अनुभवबीचको दूरी घटाउँदै लैजाने काम गर्दैन तबसम्म विगतको जस्तै सरकारको ढाँचा त रहन्छ । तर, त्यसले आफ्नोप्रतिको भरोसा गुमाउँदै जान्छ ।

अन्ततः आज आवश्यकता छ- सरकारले चैतावरको कुक सुन्न सकोस् । त्यो विरह बुझोस्, जुन जनता र राज्यबीच बढ्दो छ । यदि त्यसलाई मेट्ने इमानदार प्रयास भयो भने चैतावर साँच्चिकै एक नयाँ ऋतुको प्रारम्भ बन्न सक्छ । नत्र फेरि एक अर्को अधुरो आशाको गीत मात्रै हुनेछ ।

चैतावरकै एक पंक्ति सम्झौं, 'रामा चइत की निंदिया बडी बइरिनियां ।' आशय हो- चैत महिनाको यो निद्रा नै ठूलो शत्रु हो । आजको बहुसंख्यकवादी समयले लोकतन्त्र र विमर्शलाई चुनौती दिइरहेको छ । यस्तो बेला नागरिक समाज सुत्न मिल्दैन । सतर्कता, निगरानी र सचेत हस्तक्षेप– यी लोकतन्त्र बचाउने आधार हुन् । नत्र, हरियालीको भ्रमभित्रै विरहको राजनीति अनन्तसम्म दोहोरिरहन्छ । - *कान्तिपुर*



# संकटमा हेटौँडा सिमेन्ट

मकवानपुर । सरकारी स्वामित्वको हेटौँडा सिमेन्ट उद्योग लिमिटेड लामो समयदेखि कहिले खुल्ने र कहिले बन्द हुने गर्दै गम्भीर आर्थिक अवस्थाबाट गुज्रिरहेको छ । उद्योग प्रशासनका अनुसार चालू आर्थिक वर्षमा गत भदौ १९ देखि २४ गतेसम्म जम्मा पाँच दिन मात्रै उद्योग सञ्चालनमा आयो । त्यस अवधिमा करिब दुई हजार पाँच सय टन क्लिंकर र करिब ६० हजार बोरा सिमेन्ट उत्पादन भएको थियो । अहिले उद्योगमा करिब १२ हजार बोरा सिमेन्ट मौज्दात रहेको उद्योगका सूचना अधिकारी हरेराम आचार्यले जानकारी दिए ।

उद्योगले १३ चैतबाट पुनः क्लिंकर उत्पादन प्रक्रिया सुरू गरेको छ । तर, कोइलाको मौज्दात भने सात–आठ दिनलाई मात्र पुग्ने कोइला मौज्दात छ । थप कोइलाको व्यवस्था गर्न प्रक्रिया सुरू भइसकेको उद्योगका सहायक प्रबन्ध निर्देशक भक्तिराम श्रेष्ठले बताए । उनका अनुसार गत फागुनमै तीन हजार टन कोइला खरिदका लागि टेन्डर गरिएको र कोइला आउने क्रममा छ । यसैगरी, थप ६५ सय मेट्रिकटन कोइला ल्याउन टेन्डर प्रक्रिया सुरू भइसकेको छ । कोइला ल्याउने प्रक्रिया सम्झौताको चरणमै रहेकाले कोइला आउने आसमा उद्योग सञ्चालन गरिएको श्रेष्ठले बताए ।

'हाम्रो देश हेटौँडा सिमेन्ट कारखानाजस्तै भएको छ । मेसिन पनि छ, म्यानपावर पनि छ, खानी पनि छ, तर बन्द । अब चल्नुपर्‍यो । नेपाली कांग्रेसको वाइवाई फ्याक्ट्रीजस्तै चल्नुपर्‍यो अब त्यो पनि पूरै देशैभरि चल्नुपर्‍यो । १०० वटाभन्दा धेरै देशमा जानुपर्‍यो । देशका उद्योग–कलकारखानालाई चलाउने पार्टी बन्न चाहन्छ' गत १५ फागुनमा चितवनमा रास्वपाको चुनावी सभालाई सम्बोधन गर्दै बालेन्द्र शाहले बन्द र जीर्ण उद्योगहरु सञ्चालन गर्ने संकेत गरेका थिए ।

तत्कालीन प्रधानमन्त्रीका उम्मेदवार शाहले रास्वपाको सरकार आए देशभरका बन्द र जीर्ण अवस्थामा रहेका सम्पूर्ण सरकारी उद्योग–कलकारखाना सञ्चालन हुने बताएका थिए । निर्वाचनबाट अत्यधिक बहुमतसहित उनै बालेन्द्र शाह प्रधानमन्त्री भएसँगै लामो समयदेखि संकट झेलिरहेको उद्योगका कर्मचारीमा उद्योग पुनः सञ्चालन हुने आशा पलाएको छ । विशेषगरी १० महिनादेखि तलब–भत्ता नपाएका उद्योग प्रशासन, कर्मचारी र श्रमिक आशावादी भएका हुन् ।

उद्योग अहिले करिब एक अर्ब ३६ करोड रूपैयाँ दायित्वमा डुबेको छ । यसमा कर्मचारीको तलब–भत्ता, अवकाशप्राप्त कर्मचारीको बक्यौता, सरकारलाई तिर्नुपर्ने कर तथा दस्तुर, कोइला र ढुवानी खर्च, ढुंगा ढुवानी तथा दैनिक ज्यालादारी मजदुरको भुक्तानीलगायत समावेश छन् । उद्योगमा कार्यरत एक सय ३६ स्थायी कर्मचारीले करिब १० महिनादेखि तलब पाएका छैनन् । यसबाहेक ज्यालादारी र करारका कर्मचारी पनि छन् । उद्योग सञ्चालनका लागि चैत १२ गतेपछि दैनिक ज्यालादारीमा थप ५० जना कामदार नियुक्त गरिएको सूचना अधिकारी आचार्य बताउँछन् ।

उद्योगका सहायक प्रबन्ध निर्देशक श्रेष्ठका अनुसार उद्योग सञ्चालनका लागि आवश्यक कच्चा पदार्थ खरिद गर्न र बिग्रिएका मेसिनका पाटपुर्जा मर्मत गर्नसमेत रकम अभाव छ । तत्काल उद्योग सञ्चालन गर्न र खर्चसमेत उठ्न नसक्ने अवस्था आएपछि नयाँ प्रविधिको प्लान्ट जडान गर्न एक अर्ब ६० करोडको प्रस्ताव यसअघि नै उद्योग मन्त्रालयमा पठाइएको उनले बताए ।

दुई हजार आठ सयदेखि तीन हजार मेट्रिकटन दैनिक उत्पादन क्षमताको आधुनिक प्लान्ट जडान नगरेसम्म उद्योग दीर्घकालीन रूपमा टिक्न कठिन हुने उनको भनाइ छ । 'तीन–चार वर्षअघि मात्रै पनि दैनिक सवा करोडको कारोबार गर्दै आएको उद्योग सञ्चालन गर्न सकिँदैन भन्ने होइन,' उनले भने, 'समयानुकूल उद्योगका मेसिन परिवर्तन हुनुपर्‍यो, उत्पादन लागत कसरी घटाउने भन्नेतर्फ सबैको ध्यान जानुपर्‍यो, त्यसो भयो भने उद्योग फेरि पनि चलाउन सकिन्छ ।'

मकवानपुर क्षेत्र नम्बर १ का प्रतिनिधिसभा सदस्य प्रकाश गौतमले गत साता उद्योग प्रशासनसँग उद्योगलाई नियमित सञ्चालन गर्ने विषयमा छलफल गरेका छन् । उनले उद्योग सञ्चालनका सम्भावित आधारसहित विस्तृत प्रतिवेदन तयार गरी उद्योग मन्त्रालयमा प्रस्ताव पेस गर्न आग्रह पनि गरेका छन् । 'म आफैँले पनि हेटौँडा सिमेन्ट उद्योग सञ्चालनको सम्भावनाका बारेमा अध्ययन गरिरहेको छु ।



चलाउन सकिने सम्भावना देखिन्छ । उद्योग रूग्ण हुनुमा व्यापारिकभन्दा पनि सरकारी भएपछि सेवामूलक, तलब खाने बाटो बनाएको जस्तो मात्रै देखिन्छ,' उनले भने, 'राजनीतिक हस्तक्षेप, आन्तरिक रूपमा हुने गरेको भ्रष्टाचार रोक्न सके र नयाँ म्यानेजमेन्ट ल्याउन सके उद्योग सञ्चालन गर्न सकिन्छ ।' प्रधानमन्त्री शाहले उद्योग सञ्चालनका विषयमा सार्वजनिक रूपमा प्रतिबद्धता जनाइसकेको उल्लेख गर्दै उनले उद्योगलाई जसरी पनि सञ्चालनमा ल्याइने बताए । यसअघि तत्कालीन केपी ओली प्रधानमन्त्रीको १५ वैशाखमा बसेको मन्त्रिपरिषद्ले हेटौँडा र उदयपुर सिमेन्टलाई निजीकरण गर्ने निर्णय गरेको थियो ।

## दायित्व बिर्सिएर...

दलहरूको संसदमा कमजोर उपस्थितिको फाइदा रास्वपाले उठाउने सम्भावना देखिएको छ ।

नेपाली कांग्रेस प्रतिनिधिसब र राष्ट्रिय सभामा समेत प्रमुख विपक्षी दल रहेकाले उसले सबै विपक्षी दललाई समर्थनमा लिएर बालेन सरकारकाराम्रा कामको समर्थन र नराम्रा कामको विरोध गर्नुपर्नेमा कांग्रेस आफैँ विभाजित रहकाले त्यसको फाइदा रास्वपाले उठाउने सम्भावना बढेर गएको छ । नेपाली कांग्रेसका तत्कालिन महामन्त्री गगन थापा पक्षले गत पुषमा विशेष महाविधेशन गरेर थापालाई सभापतिमा निर्वाचित गरिएपछि शेरबहादुर देउवा पक्षले त्यसलाई स्वीकार गर्न सकेका छैनन् ।

त्यही कारणले गर्दा देउवा पक्षका नेताहरु र शेखर कोइराला पक्षका नेताहरूले आ आफ्नो ढँगले अघि बढिरहेका हुनाले कांग्रेस विभाजनको डिलमा पुगेको छ । विशेष महाधिवेशनलाई देउवा पक्षले स्वीकार गरेको छैन भने थापा पक्षलाई निर्वाचन आयोगले मान्यता दिएपछि त्यसको विरोधमा देउवा पक्ष सर्बोच्च अदालतमा रिट निवेदन गर्न पुगेको भएपनि सर्बोच्च अदालतले कुनै निर्णय नदिँदा कांग्रेस थप संकटमा फसेको छ ।

सर्वोच्च अदालतले उक्त रिटको पेशी यहि २२ गतेलाई राखेको हुनाले सो दिन निर्णय दिएको खण्डमा कांग्रेसलाई केही सहज हुने देखिन्छ । देउवा पक्षका नेताहरूले अदालतको निर्णयलाई स्वीकार गर्ने बताउँदै आएका हुनाले थापा पक्षले अहिले नै देउवा पक्षका नेता तथा कार्यकर्ताहरूलाई कारबाही गर्नु उपर्युक्त हुन सक्दैन ।

कांग्रेस मुलुककै पुरानो र लोकतन्त्रवादी पार्टी भएकाले उसैले अन्य पार्टीहरूलाई साथमा लिएर अघि बढ्नुपर्ने अहिलेको अवस्थामा अदालतलको निर्णय नआईसकेको अवस्थामा देउवा पक्षका नेता तथा कार्यकर्ताहरूलाई पार्टीबाट निष्कासन गर्नु निलम्बन गर्ने जस्ता कार्य गर्नु उपर्युक्त हुन सक्दैन । यदि त्यसो गरिए पार्टी विभाजित अवस्थामा पुग्न सक्छ ।

संसदमा रास्वपाको झण्डै दुई तिहाई मत रहेको र उसले संसदमा उपस्थित भएका दलहरु कमजोर अवस्थामा रहेकाले बालेन सरकारका काम कारबाहीलाई मध्यनजर राख्दै अघि बढ्ने दायित्व प्रमुख प्रतिपक्षी दल कांग्रेसकै हो । नेकपा एमाले लगायतका अन्य दलहरूलाई साथमा लिएर कांग्रेसले जनताको पक्षमा बुलन्द आवाज उठाउँदै बालेन सरकारलाई संविधान भन्दा बाहिर जान दिनु हुँदैन ।

## के जरुरी...

अनुमति सहितको पक्राउ पुर्जीविना नै पक्राउ गरिएको छ । प्रहरीले आफैँ पक्राउ पुर्जी जारी गरेर ओली र लेखकलाई नियन्त्रणमा लिएपछि त्यसको व्यापक विरोध भएको छ ।

जरूरी पक्राउ पुर्जी त्यसबेला जारी गरिन्छ, जुनबेला सम्बन्धित व्यक्ति भाग्न सक्ने र प्रमाण नष्ट गर्न सक्ने अवस्था देखिएमा उसलाई जरूरी पक्राउ पुर्जी दिएर पक्राउ गर्ने गरिएको छ । तर ओली र लेखक भाग्न सक्ने अवस्था नरहेको र उनीहरु सत्तामा समेत नरहेको हुनाले उनीहरूले प्रमाण नष्ट गर्न सक्ने सम्भावना समेत थिएन ।

जसरी पक्राउ पुर्जीलाई अदालतबाट स्वीकृति नलिएसम्म कुनै अनुसन्धान अघि बढाउन सकिँदैन । यस्तो कानुनी व्यवस्था हुँदाहुँदै ओली र लेखकलाई शानिबार विहानै पक्राउ नगरेमा अध्यक्ष ओली र लेखकबाट के खतराको जोखिम थियो भन्ने प्रश्नले कानुनी बृत्तमा बहस उब्जाएको छ । गौरी बहादुर कार्की आयोगले सरकारलाई बुझाएका प्रतिवेदनकै आधारमा कसैलाई कानुनी काबराही गर्न सकिने कानुनी व्यवस्था छैन ।

सो प्रतिवेदनमा उल्लेख भएका विषयहरूका बारेमा सरकारले अनुसन्धान गर्न सक्छ तर अनुसन्धान नै नगरि कसैलाई पूर्वाग्रह राखेर रातारात पक्राउ गर्नु बालेन सरकारले कानुनको धज्जी उडाउनु नै हो भन्ने प्रश्न समेत उठ्न थालेको छ । कार्की आयोगको प्रतिवेदन सार्वजनिक नै नगरि प्रतिवेदनमा यस्तो भनिएको छ, उस्तो भनिएको छ भन्दै कसैलाई पक्राउ गर्नु र भाग्ने वा प्रमाण नष्ट गर्ने सम्भावना भएमा मात्र जारी गर्नुपर्ने जरूरी पक्राउ पुर्जी जारी गरेर ओली र लेखकलाई पक्राउ गर्नु के आवश्यक थियो त ? कार्की आयोगको प्रतिवेदनमा मात्र आधारित भएर मुद्दा चलाउन खोज्नु कानुनतः त्यसो गर्न नमिल्ने कानुनविद्हरूले बताएका छन् ।

खेलकुद

# राखेप–एन्फा विवादले महिला टोली फिफा सिरिज खेल्नबाट वञ्चित

राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले अखिल नेपाल फुटबल संघ (एन्फा)लाई गरेको तीन महिना निलम्बनको असर राष्ट्रिय महिला टोलीमा परेको छ । निलम्बनका कारण महिला टोलीले फिफा सिरिज, २०२६ गुमाएको छ । एन्फाले आफूहरु निलम्बनमा परेको कारण देखाएर फिफा सिरिजबाट महिला टोलीको नाम फिर्ता लिएको छ ।

सिरिजका लागि एन्फाले ११ चैतमा ३२ खेलाडीको प्रारम्भिक टोली घोषणा गरेको थियो । टोलीका मुख्य प्रशिक्षक नवीन न्यौपाने खेलाडीलाई अर्को सातादेखि प्रशिक्षण गराउने योजनामा थिए । एन्फाका प्रमुख कार्यकारी अधिकृत इन्द्रमान तुलाधरले राखेपको निलम्बनपछि आवश्यक कागजी प्रक्रिया अघि बढाउन नसकिएकाले नाम फिर्ता लिएको बताएका छन् । 'एन्फा निलम्बनमा छ । यसकारण प्रतियोगिताबाट नाम फिर्ता लिएका हौँ,' तुलाधरले भने ।

राखेप र एन्फाबिचको आन्तरिक विवादको असर पुरूष र महिला टोली परेको छ । राखेपले मैदान उपलब्ध नगराएको जनाउँदै एन्फाले १२ चैतमा दशरथ रंगशालामा हुने नेपाल र हङकङबिचको मैत्रीपूर्ण खेल पनि स्थगित गरेको थियो । अब महिला टोलीले पनि अन्तर्राष्ट्रिय एक्सपोजरको अवसर गुमाएको छ । नेपालले थाइल्यान्डमा आयोजना हुने फिफा महिला सिरिजअन्तर्गत २९ चैत र २ वैशाखमा खेल्ने कार्यक्रम थियो । प्रतियोगितामा आयोजक थाइल्यान्डसहित कंगो, नेपाल र न्यु क्यालेडोनिया सहभागी हुने तय थियो । तर, अन्तिम समयमा नेपाल सहभागी हुन नसक्ने भएपछि इन्डोनेसियाले मौका पाएको छ । राखेपका सदस्यसचिव रामचरित्र मेहताले फिफा सिरिजमा नेपालको नाम फिर्ता लिएको सम्बन्धमा औपचारिक जानकारी नआएको प्रतिक्रिया दिएका छन् ।

'महिला राष्ट्रिय फुटबल टोलीले फिफा सिरिज नखेल्ने र एन्फाले नाम फिर्ता लिएको आधिकारिक जानकारी प्राप्त भएको छैन,' मेहताले भने । राखेपले निलम्बन गरेपछि एन्फा महासचिव किरण राईले आफूहरूबाट फुटबलका कुनै काम नहुने र त्यसको जिम्मेवारी राखेपले लिनुपर्ने दाबी गर्दै आइरहेका छन् । उनले राखेपको निलम्बनपछि फिफा सिरिजमा सहभागी हुन गाह्रो हुने बताएका थिए ।

फिफाले महिला फुटबल विकासका लागि फिफा सिरिज सुरूवात गरेको हो । नेपालले पहिलो अवसर नै गुमाउने पक्का भयो । फिफाको योजनाअनुसार विभिन्न टोलीले यही सिरिजबाट अभ्यासको अवसरसमेत पाउने थिए ।

नेपालले थाइल्यान्डमा फिफा सिरिज खेल्ने तय भएको थियो । जसका लागि तयारी सुरू गर्ने योजनामा थियो । सिरिजमा थाइल्यान्डसहित न्यु क्यालेडोनिया, डिआर कंगो र नेपालले प्रतिस्पर्धा गर्ने पक्का थियो । नेपालले नाम फिर्ता लिएपछि इन्डोनेसियाले मौका पाएको छ । निलम्बनपछि पनि राष्ट्रिय पुरूष टोलीले मंगलबार लाओसविरूद्ध एएफसी एसियन कप छनोटको अन्तिम खेल खेलेको थियो ।

एन्फाले निलम्बनको बहानामा फिफा सिरिजबाट नेपालको नाम फिर्ता लिँदा प्रशिक्षणमा रहेका खेलाडी अन्योलमा छन् । टोलीका मुख्य प्रशिक्षक नवीन न्यौपानेले महिला खेलाडीलाई प्रशिक्षण दिइरहेका छन् । अर्को सातादेखि खेलाडीलाई अन्तिम चरणमा प्रशिक्षण गराउने उनको योजना थियो । न्यौपानेले प्रतियोगिताका लागि ३२ सदस्यीय टोलीको नाम दिइसकेका छन् । तर, भाग नै नलिने भएपछि उनले प्रशिक्षण स्थगित गरेका छन् ।

राखेपले एन्फालाई पटक–पटक दिएको निर्देशन अवज्ञा गरेको जनाउँदै ११ चैतमा खेलकुद विकास नियमावली, २०७७ को दफा २९ (२) बमोजिम तीन महिनाका लागि निलम्बन गरेको थियो । थाइल्यान्डमा तय सिरिजमा नेपालले १२ अप्रिलमा कंगोसँग खेल्नुपर्ने थियो । त्यसपछि दोस्रो खेल १५ अप्रिलमा थियो ।

नेपालको स्थानमा फिफाले इन्डोनेसियालाई सहभागी गराएको छ । महिला टोलीका मुख्य प्रशिक्षक न्यौपानेका अनुसार चार दिनअघि मात्र ३२ सदस्यीय टोलीको नाम एन्फालाई दिइएको थियो । टोलीले बुधबारदेखि अर्को सेसनको अभ्यास सुरू गर्ने तालिका थियो ।

# इटाली लगातार तेस्रोपटक विश्वकपमा पुग्न असफल

चारपटकको विजेता इटाली बोस्निया हर्जगोभिनासँग पेनाल्टी सुटआउटमा पराजित भएपछि आगामी जुन–जुलाईमा हुने फिफा विश्वकप फुटबल प्रतियोगिताबाट बाहिरिएको छ । फुटबल इतिहासमा विश्व च्याम्पियन टोली लगातार तीनपटक विश्वकपमा छनोट नभएको पहिलोपटक हो । सन् २०१४ मा ब्राजिल विश्वकपपछि इटाली २०१८ (रूस) र २०२२ (कतार) संस्करणमा समेत छनोट भएको थिएन ।

बोस्निया हर्जगोभिना भने दोस्रोपटक विश्वकपमा छनोट भएको छ । ४० वर्षीय कप्तान एडिन जेको टोलीलाई ऐतिहासिक सफलता दिलाउन सफल भए । बोस्नियाले अब विश्वकपको समूह 'बी'मा क्यानडा, कतार र स्विट्जरल्यान्डसँग प्रतिस्पर्धा गर्नेछ । हारपछि इटालीका प्रशिक्षक जेन्नारो गाटुसो भावुक देखिए । 'यो हार सामान्य होइन । अन्तिम नतिजा हेरेपछि मेरो मुटु दुख्यो,' गाटुसोले भने, 'इटालीको जित चाहेका थियौँ, हामीले कसैलाई सुख दिन सकेनौँ । यसका लागि सबैसँग माफी माग्दछु ।'

इटालियन फुटबल महासंघका अध्यक्ष ग्याब्रिएल ग्राभिनाले यसलाई इटालियन फुटबलको गहिरो संकट भनेका छन् । अध्यक्ष ग्राभिनाले प्रशिक्षकलाई पदबाट राजीनामा नदिन आग्रह गरेका छन् । सन् २००६ मा विश्वकप जितेयता इटालीको प्रदर्शन लगातार खस्किएको छ । सन् २०१० र २०१४ को विश्वकपमा इटाली समूह चरणबाटै बाहिरिएको थियो । युरो २०२० को उपाधि जिते पनि इटालीले विश्वकप छनोटमा कमजोर प्रदर्शन गरिरहेको छ ।

विश्वकप इतिहासमा साबिक विजेता बाहिरिएको रेकर्ड छ । सन् १९७० को विश्वकप विजेता अर्जेन्टिना अर्को संस्करणमा छनोट भएन । यसैगरी सन् १९६६ मा पहिलोपटक विश्व च्याम्पियन बनेको इंग्ल्यान्ड सन् १९७० को विश्वकपमा पुगेन । सन् १९७४ र ७८ को विश्वकप फाइनलिस्ट नेदरल्यान्ड्स सन् १९८२ को विश्वकपको छनोट चरणमै सीमित भएको थियो ।

## कर्पोरेट

### ● ग्लोबल आइएमई बैंकले दोस्रो संस्करणको ह्याकाथन आयोजना गर्ने, आवेदन खुला

ग्लोबल आइएमई बैंक लिमिटेडले प्रविधिको प्रवर्द्धन तथा नवप्रवर्तनलाई प्रोत्साहन गर्ने उद्देश्यले दोस्रो संस्करणको ह्याकाथन आयोजना गर्ने भएको छ । बैंकले गत वर्ष नेपालको बैंकिङ क्षेत्रमा पहिलोपटक एआई–एमएल ह्याकाथन पहिलो संस्करण आयोजना गरेको थियो । कृत्रिम बुद्धिमत्ता (एआई) र मेसिन लर्निङ (एमएल)सम्बन्धी ग्लोबल आइएमई एआई–एमएल ह्याकाथन दोस्रो संस्करण आगामी मे २९–३१ मा आयोजना गरिने बैंकले जनाएको छ ।

उक्त प्रतियोगितामा सहभागी हुन प्रविधिमा रूचि राख्ने विद्यार्थी, स्टार्टअप, डेभलपर, इन्जिनियर, डेटा वैज्ञानिक, अनुसन्धानकर्ता तथा प्रविधि क्षेत्रका पेसाकर्मीका लागि आवेदन खुला गरिएको छ । प्रतियोगितामा सहभागी हुन मे ४ भित्र बैंकको वेबसाइटमार्फत आवेदन दिन सकिनेछ ।

ह्याकाथन प्रतियोगिताले प्रविधिमा रूचि राख्ने विद्यार्थी, स्टार्टअप, डेभलपर, इन्जिनियर, डेटा वैज्ञानिक, अनुसन्धानकर्ता तथा प्रविधि क्षेत्रका पेसाकर्मी र सम्भावित नवीनतम प्रविधिमा आधारित बैंकिङ सेवाको विकासमा उल्लेख्य सहयोग पुगेको बैंकको विश्वास छ । यसका साथै यस ह्याकाथनले डिजिटल बैंकिङमा आउने नवीनतम सेवा विकास र सम्भावित चुनौतीको समाधान खोज्नसमेत सहयोग पुग्ने बताइएको छ ।

प्रतियोगितामा सहभागी प्रतिस्पर्धीले दी अटोनोमस क्रेडिट एन्ड लेन्डिङ अर्केस्ट्रेटर, एजेन्टिक फ्रड डिटेक्सन, दी मल्टिलिंगुअल भ्वाइस बैंकिङ सहायक, सेन्टिनेल्स अफ द नेटवर्क एआई ड्रिभन इन्टुजन डिटेक्सन (आइडिएस)लगायत बैंकले तोकेका विषयमा केन्द्रित रही आफ्ना अवधारणा प्रस्तुत गर्नुपर्नेछ । उत्कृष्ट टोलीलाई नगद पुरस्कारका साथै बैंकसँग सहकार्य गर्ने अवसरसमेत प्रदान गरिनेछ ।

### ● नेपाल सेरामिकले आइपिओ ल्याउने, बिक्री प्रबन्धकमा माछापुच्छ्रे क्यापिटल

माछापुच्छ्रे क्यापिटल लिमिटेड र नेपाल सेरामिक इन्डस्ट्री लिमिटेडबिच आइपिओ निष्कासनका लागि सम्झौता भएको छ । सम्झौतापत्रमा माछापुच्छ्रे क्यापिटलका प्रमुख कार्यकारी अधिकृत (सिइओ) उपेन्द्र मालाकार र नेपाल सेरामिकका अध्यक्ष शम्भुनाथ झाले हस्ताक्षर गरेका हुन् । सम्झौताअनुसार नेपाल सेरामिकले ३० लाख कित्ता प्राथमिक सार्वजनिक (आइपिओ) निष्कासन गर्नेछ । सो कम्पनीको आइपिओ निष्कासक तथा बिक्री प्रबन्धकमा माछापुच्छ्रे क्यापिटललाई नियुक्त गरिएको हो । माछापुच्छ्रे क्यापिटल माछापुच्छ्रे बैंकको सहायक कम्पनी हो । यसले धितोपत्र प्रत्याभूति, लगानी व्यवस्थापन, संस्थागत परामर्श सेवा, निक्षेप सदस्य, निष्कासन तथा बिक्री प्रबन्धक, सेयर रजिस्ट्रार तथा सामूहिक लगानी कोष सेवा प्रदान गर्दै आइरहेको छ ।

### ● सीमान्तकृत समुदायका महिलालाई सिद्धार्थ बैंकको सिलाइकटाइ मेसिन सहयोग

सिद्धार्थ बैंक लिमिटेडले गरिब, विपन्न तथा सीमान्तकृत कासगर समुदायका महिलालालाई सिलाइकटाइ मेसिन सहयोग गरेको छ । बैंकले आयआर्जनमा टेवा पुगोस् भन्ने उद्देश्यले कैलाली र बाँके जिल्लाका ती समुदायका महिलालाई छुट्टाछुट्टै कार्यक्रम गरी मेसिन हस्तान्तरण गरेको हो ।

कैलालीमा पाँचजना र बाँकेमा १० जना गरी कुल १५ वटा सिलाइकटाइ मेसिन हस्तान्तरण गरिएको बैंकले जनाएको छ । कासगर समुदायका महिलाहरूको जीवनस्तर उकास्ने तथा सिकेको सिपलाई व्यवहारमा उतार्न सहयोग पुऱ्याउने लक्ष्यसहित बैंकले यी मेसिन उपलब्ध गराएको हो । यस सहयोगले महिलाको आर्थिक पक्षमा महत्वपूर्ण योगदान पुऱ्याउनुका साथै साना घरेलु उद्योग स्थापना गर्न प्रोत्साहन दिएको बताइएको छ ।

सिलाइकटाइ सिपलाई व्यावसायिक रूपमा उपयोग गर्दै उनीहरूले लुगा सिलाउने, मर्मत गर्ने तथा अर्डरअनुसार काम गरी नियमित आम्दानी गर्ने वातावरण बन्ने अपेक्षा गरिएको छ ।

यसबाट परिवारको आर्थिक अवस्था सुधार हुनुका साथै बालबालिकाको शिक्षा, स्वास्थ्य र समग्र जीवनस्तरमा सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ । साथै, महिलालाई आत्मनिर्भर बन्न प्रेरित गर्दै आफ्नै घर तथा समुदायमै बसेर आम्दानी गर्ने अवसर सिर्जना गर्नेमा बैंक विश्वस्त छ ।

### ● एनआइसी एसिया बैंकको ०८३ को क्यालेन्डर सार्वजनिक

एनआइसी एसिया बैंक लिमिटेडले नयाँ वर्ष ०८३ को क्यालेन्डर सार्वजनिक गरेको छ । बैंकले लोपोन्मुख तथा परम्परागत नेपाली लोकबाजामार्फत सांस्कृतिक इतिहास र पहिचानको संरक्षण र प्रवर्द्धन गर्ने गरी आकर्षक साजसज्जामा भित्ते तथा टेबल क्यालेन्डर सार्वजनिक गरेको हो । बैंकका अनुसार क्यालेन्डरमा देशका विभिन्न क्षेत्र, समुदाय तथा चाडपर्वमा प्रयोग हुने धार्मिक, सांस्कृतिक, सामाजिक एवं ऐतिहासिक महत्व भएका लोकप्रिय तथा लोपोन्मुख बाजा र बजाउने शैलीसहितका तस्बिर प्रयोग भएका छन् । यो कार्यले यिनीहरूको संरक्षण, प्रवर्द्धन तथा पुस्तान्तरणमा सहयोग पुग्ने बैंकले विश्वास लिएको छ । साथै, बैंकले क्यालेन्डरमा नेपाल सरकारद्वारा प्रकाशित राजपत्रमा उल्लेख भएका बिदा, चाडपर्व, दिवस, पञ्चांग तिथिलगायतका विवरण समावेश छन् ।

### ● महालक्ष्मी विकासको डिजिटल क्यालेन्डर

महालक्ष्मी विकास बैंकले नयाँ वर्ष ०८३ को डिजिटल संस्करण क्यालेन्डर सार्वजनिक गरेको छ । बैंकको केन्द्रीय कार्यालय, दरबारमार्गमा आयोजित एक कार्यक्रमबिच क्यालेन्डर सार्वजनिक गरिएको छ । परम्परागत रूपमा प्रकाशन गरिने क्यालेन्डरलाई आधुनिक प्रविधिसँग समायोजन गर्दै जाने उद्देश्यअनुरूप डिजिटल संस्करण सार्वजनिक गरिएको बैंकले जनाएको छ । महत्वपूर्ण चाडपर्व, तिथि, बिदा, शुभसाइत तथा विक्रम संवत्, नेपाल संवत् तथा अंग्रेजी संवत्का मितिलगायतका विषयवस्तु डिजिटल क्यालेन्डरमा समावेश गरिएको छ । डिजिटल संस्करण प्रयोगकर्ताका लागि अझ सहज र उपयोगी हुनुका साथै नेपालीहरूको संस्कृतिलाई संवर्द्धन तथा निरन्तरता प्रदान गर्न टेवा पुग्ने विश्वास बैंकले लिएको छ । बैंकले देशभरका एक सय तीन शाखा कार्यालयमार्फत बैंकिङ सेवा दिँदै आइरहेको छ ।

### ● सिद्धार्थ बैंकको वाकथन

विश्व पानी दिवसको अवसरमा सिद्धार्थ बैंकले 'वाक फर वाटर, वाक फर लाइफ' वाकाथन सम्पन्न गरेको छ । बैंकले हरेक वर्ष मार्च २२ मा मनाइने विश्व पानी दिवसले स्वच्छ पानीको महत्वलाई उजागर गर्दै विश्वव्यापी रूपमा सचेतना फैलाउने लक्ष्य राखेको छ । सन् २०२६ को नारा 'वाटर एन्ड जेन्डर'ले सुरक्षित पानी, सरसफाइ तथा लैंगिक समानता प्रवर्द्धन गर्न पानीको पहुँच र व्यवस्थापनमा समान सहभागिता र अधिकार सुनिश्चित गर्नुपर्ने आवश्यकतालाई जोड दिन्छ ।

चालू आर्थिक वर्षभित्र देशभरका सार्वजनिक स्थानहरूमा नौवटा पानी शुद्धीकरण (वाटर प्युरिफायर) प्रणालीहरु स्थापना गर्नुका साथै जलस्रोतवरपर सरसफाइ अभियान सञ्चालन गर्ने योजना रहेको बैंकले जनाएको छ ।

### ● एनसेलको दैनिक १०० एमबी डेटा निःशुल्क पाइने अफर

एनसेलले दैनिक एक सय एमबी निःशुल्क डेटा पाइने अफर सञ्चालनमा ल्याएको छ । साथै, हरेक हप्ता आकर्षक डेटा भोलुम पनि पुरस्कारस्वरूप जित्न सक्नेछन् । ग्राहक अनुभव अभिवृद्धि र डिजिटल प्रयोगलाई प्रोत्साहन गर्ने आफ्नो प्रतिबद्धताबमोजिम कम्पनीले यो अफर सञ्चालनमा ल्याएको एनसेलले जनाएको छ ।

अफरअन्तर्गत सबै एनसेल ग्राहकले हरेक दिन एनसेल एपको बाई प्याक मेनुमा गई १०० एमबी निःशुल्क डेटा सक्रिय गर्न सक्नेछन् । यसले ग्राहकलाई एपका विभिन्न सुविधा प्रयोग गर्दै सधैँ कनेक्टेड रहन मद्दत गर्ने बताइएको छ । यो अफरको उद्देश्य ग्राहकलाई आधारभूत ग्राहक सेवाभन्दा बाहिर गएर डिजिटल जीवनशैली अपनाउन प्रेरित गर्नु रहेको एनसेलले जनाएको छ ।

ग्राहक संलग्नता थप बढाउन एनसेलले 'प्ले एन्ड विन' अफर पनि ल्याएको छ । जसअन्तर्गत ग्राहकले साप्ताहिक रूपमा एपमा आधारित गतिविधिमा सहभागिता जनाएर ५० जिबीसम्म डेटा जित्ने अवसर पाउनेछन् । प्रयोगकर्ताले दैनिक एपमा गई स्पिन द ह्विवल, म्याथ च्यालेन्ज, एनसेल रनर, स्क्राच एन्ड विनजस्ता गेममा संलग्न भई आफ्नो अंक संकलन गर्न सक्ने बताइएको छ ।

हप्ताभरि संकलन भएको अंकका आधारमा ग्राहकहरूको स्थान निर्धारण गरिन्छ र सोहीअनुसार उनीहरूले आकर्षक डेटा पुरस्कारका रूपमा जित्नेछन् । प्रत्येक हप्ता कुल तीन हजार ४१० जना ग्राहकले डेटा पुरस्कारका रूपमा प्राप्त गर्नेछन्, जसमा शीर्ष १० जनाले ५० जीबी डेटा प्राप्त गर्नेछन् । उत्कृष्ट १ देखि १० जना ग्राहकहरूले जनही ५० जीबी डेटा प्राप्त गर्नेछन् भने ११ देखि ६० स्थानसम्मका ग्राहकहरूले १० जिबी, ६१ देखि १६० स्थानसम्मका ग्राहकहरूले ५ जिबी, १६१ देखि ४१० स्थानसम्मका ग्राहकहरूले १ जिबी, ४११ देखि ९१० स्थानसम्मका ग्राहकहरूले ५०० एमबी र ९११ देखि ३,४१० स्थानसम्मका ग्राहकहरूले जनही १०० एमबी डेटा पुरस्कार प्राप्त गर्नेछन् ।

### ● सानिमालाई ए माइनस रेटिङ प्राप्त

सानिमा बैंक लिमिटेडले केयर एज रेटिङ नेपालबाट केयर-एनपी ए माइनस रेटिङ प्राप्त गरेको छ । २ चैतमा केयर एज रेटिङबाट बैंकले आफ्नो विश्वसनीयता, स्थिरता र जिम्मेवार बैंकिङप्रतिको समर्पणलाई सुदृढ गर्दै मूल्यांकनबाट यो रेटिङ प्राप्त गरेको हो । सानिमा बैंकको सातै प्रदेशमा हाल एक सय ३४ वटा कार्यालय र एक सय २८ वटा एटिएम सञ्चालनमा रहेका छन् ।

### ● सरप्राइज स्क्यानमा लाखौँका प्राइज

हंशराज हुलासचन्द एन्ड कम्पनीले ग्राहकका लागि नयाँ र आकर्षक डिजिटल योजना ल्याउने तयारी गरेको छ । आधुनिक प्रविधिसँग जोडिएको योजनाअन्तर्गत ग्राहकले क्युआर कोड स्क्यान गरेर विभिन्न उपहार जित्ने अवसर पाउनेछन् । यस योजनालाई अझ रोचक बनाउन कम्पनीले यसको विस्तृत विवरण गोप्य राखेको जनाएको छ ।

ग्राहकको सहभागिता बढाउने र डिजिटल अनुभवलाई अझ सहज बनाउन यो योजना ल्याउन लागिएको हो । 'हामी केही नयाँ र रोमाञ्चक कुरा ल्याउँदै छौँ, जसबाट ग्राहकले केवल स्क्यान गरेरै मूल्यवान् उपहारहरु जित्न सक्नेछन्,' कम्पनी स्रोतले जनाएको छ ।कम्पनीले यस योजनासम्बन्धी थप जानकारी, पुरस्कारको विवरण तथा सहभागिता प्रक्रिया छिट्टै सार्वजनिक गरिने पनि जनाएको छ ।

### ● एनआइसी र स्तूपा कम्युनिटी हस्पिटलबिच छुट सम्झौता

एनआइसी एसिया बैंक र स्तूपा स्वास्थ्य सेवा सहकारी संस्था (स्तूपा कम्युनिटी हस्पिटल)बिच छुटसम्बन्धी सम्झौता गरिएको छ । यससम्बन्धी समझदारीपत्रमा बैंकका तर्फबाट सर्कल हेड-काठमाडौं नर्थ सुदिनकुमार लामा र हस्पिटलका तर्फबाट निर्देशक डा. पेम्बा लामाले हस्ताक्षर गरेका हुन् ।

द्विपक्षीय सम्झौताअनुसार अब बैंकका ग्राहकले उक्त हस्पिटलमा उपचार गराउँदा विभिन्न सेवामा १५ प्रतिशत छुट सुविधा उपयोग गर्न सक्नेछन् ।

साथै, स्तूपा स्वास्थ्य सेवा सहकारी संस्थाका बोर्ड सदस्य, निर्देशक, कर्मचारी तथा अन्य सेयर होल्डरले यस बैंकको क्रेडिट कार्डमा उपलब्ध सेवाहरु प्राप्त गर्ने सम्झौतापत्रमा उल्लेख छ ।

साथै, ग्राहकले थप सेवा सुविधाका लागि स्तूपा कम्युनिटी हस्पिटल परिसरमा बैंकको एटिएम सेवा सञ्चालन गर्ने पनि सहमति भएको छ ।

### ● निगमले अब सबै कारोबार डिजिटल गर्ने

आयल निगमले २ वैशाखबाट सम्पूर्ण आर्थिक कारोबार डिजिटल गर्ने निर्णय गरेको छ । सरकारको शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीमा समावेश सार्वजनिक सेवालाई डिजिटल प्रणालीमा लैजाने नीतिलाई सघाउ पुऱ्याउन निगमले यस्तो निर्णय गरेको हो ।

निगमले ६ वर्षअघिबाट इआरपी सफ्टवेयर लागू गरिरहे पनि आंशिक रूपमा मात्र कार्यान्वयन गरिरहेको छ । तर, २ वैशाखबाट भने निगमले प्राप्ति गर्ने आम्दानी पनि अनलाइनबाटै र भुक्तानी गर्नुपर्ने रकम पनि चेक प्रवाह नगरी अनलाइनबाटै दिने व्यवस्था लागू गर्ने निर्णय भएको इआरपी कार्यान्वयन परियोजना प्रमुख प्रदीप यादवले जानकारी दिए ।

### ● डिप्रोक्सको वित्तीय साक्षरता

डिप्रोक्स लघुवित्त वित्तीय संस्थाले वित्तीय साक्षरता कार्यक्रम गरेको छ । संस्थाले ग्लोबल मनी विक-२०२६ का अवसरमा बालबालिका तथा युवाहरूमा वित्तीय साक्षरता कार्यक्रम गरेको हो ।

यस संस्थाका प्रदेश कार्यालयअन्तर्गत रहेका २२ शाखाले गरेको कार्यक्रमबाट १४ सय ९७ जना लाभान्वित भएको बताइएको छ । सप्ताहव्यापी रूपमा आयोजना गरिएको कार्यक्रमले बालबालिका, युवा तथा समाजमा सकारात्मक सन्देश प्रवाह भएको संस्थाले विश्वास लिएको छ । यो वर्षको ग्लोबल मनी विक नारा 'स्मार्ट मनी टक्स' रहेको थियो ।

### ● 'टिभिएससँग नयाँ वर्षको निरन्तर यात्रा' योजना

टिभिएसको आधिकारिक विक्रेता जगदम्बा मोटर्सले नयाँ वर्ष ०८३ का अवसरमा नयाँ योजना सार्वजनिक गरेको छ । 'टिभिएससँग नयाँ वर्षको निरन्तर यात्रा' नाम दिइएको यो योजनामार्फत ग्राहकलाई थप मूल्य, दैनिक पुरस्कार र सहज स्वामित्व अनुभव प्रदान गर्ने लक्ष्य राखिएको कम्पनीले जनाएको छ । योजनाअन्तर्गत टिभिएस मोटरसाइकल वा स्कुटर खरिद गर्ने प्रत्येक ग्राहकले पाँच वर्षसम्म पेट्रोल निःशुल्क जित्ने मौका पाउनेछन्, जसले उनीहरूको यात्रालाई अझ सहज र लाभदायक बनाउने कम्पनीको विश्वास छ । साथै, दैनिक अधिकतम पाँच लाखसम्मको छुट पनि पाउनेछन् । यसै योजनाअन्तर्गत २९ सय ६७ बाट सुरू हुने न्यूनतम किस्ताबन्दी सुविधा पनि ग्राहकले पाउनेछन् ।

'नयाँ वर्ष नयाँ सुरूवातको समय हो र 'टिभिएससँग नयाँ वर्षको निरन्तर यात्रा'मार्फत हामीले ग्राहकको यात्रा अझ अर्थपूर्ण र रमाइलो बनाउने लक्ष्य राखेका छौँ,' कम्पनीका कार्यकारी निर्देशक अखिल गुप्ताले भने, 'यो विशेष प्रस्ताव केवल लाभ मात्र नभई, दीर्घकालीन सन्तुष्टि र सहजता प्रदान गर्ने हाम्रो प्रतिबद्धताको प्रतीक हो ।'

### ● इटहरीमा फोटोन मोटर्सको सोरुम सञ्चालनमा

फोटोन मोटर्स नेपालले इटहरीमा नयाँ सोरूम सञ्चालनमा ल्याएको छ । प्रमुख व्यापारिक केन्द्र इटहरीस्थित यो सोरूमले सुनसरी, मोरङ तथा आसपासका ग्राहकलाई सेवा दिने बताइएको छ ।

नयाँ सोरूमबाट ग्राहकले सेल्स, आफ्टर सेल्स सर्भिस तथा जेन्युइन स्पेयर पार्टस् सजिलै प्राप्त गर्न सक्ने बताइएको छ । यो एकीकृत व्यवस्थाले ग्राहकलाई थप सुविधा प्रदान गर्नुका साथै सेवा समय घटाउने र समग्र स्वामित्व अनुभवलाई सहज बनाउने लक्ष्य राखिएको छ । सोरूम उद्घाटनका अवसरमा 'कस्टमर मिट' कार्यक्रम पनि आयोजना गरिएको थियो । कार्यक्रममा फोटोन ग्राहकले आफ्ना अनुभव, अपेक्षा र सुझाव साझा गरेका थिए । कम्पनीले भविष्यको रणनीति निर्माण गर्न, विशेषगरी आफ्टर सेल्स सर्भिस र समग्र स्वामित्व अनुभवलाई अझ सुधार गर्न ग्राहकको सुझाव महत्वपूर्ण हुने बताएको छ । देशभर एक सय ६६ भन्दा बढी स्थानमा फास्ट चार्जिङ नेटवर्क विस्तार गरिसकिएको छ ।

### ● हुन्डाईको नयाँ वर्ष अफरमा पौने दुई लाखसम्म छुट

हुन्डाई नेपालको नयाँ वर्ष २०८३ लक्षित अफर घोषणा गरिएको छ । नेपालका लागि हुन्डाई गाडीको आधिकारिक वितरक लक्ष्मी इन्टरकन्टिनेन्टल प्रालिले 'हुन्डाईसँग शुभ यात्रा-२०८३' अफर घोषणा गरेको हो । नयाँ वर्षमा नयाँ सुरूवात गर्न चाहनेका लागि अफरमा आकर्षक सुविधा राखिएको कम्पनीले जनाएको छ । कम्पनीका अनुसार, ग्राहकले छनोट गरेका हुन्डाई मोडेलमा एक लाख ७५ हजारको नगद छुटका साथै ९६ हजारसम्म नयाँ वर्ष बोनस पाउनेछन् । यसबाहेक, एक वर्षसम्मको निःशुल्क बिमा र सवारी कर तथा मूल्यांकन एक्सचेन्ज सुविधा पनि उपलब्ध हुनेछ, जसले गाडी किन्ने अनुभवलाई अझ सजिलो र फाइदाजनक बनाउने कम्पनीको भनाइ छ ।

अफरलाई आकर्षक बनाउँदै कम्पनीले बिक्रीपछिका सेवा पनि निरन्तर दिँदै आएको छ । यसअन्तर्गत ६ वर्षसम्मको निःशुल्क सर्भिस र तीन वर्षको वारेन्टी समावेश छ । कम्पनीले नेपालप्रतिको आफ्नो प्रतिबद्धता थप मजबुत बनाउँदै पछिल्ला दुई वर्षदेखि क्रेटा र भेन्युजस्ता लोकप्रिय मोडेल नेपालमै एसेम्बल गर्दै आएको बताइएको छ । पाँच अर्ब रूपैयाँभन्दा बढी लगानी गरिएको यस पहलले देशभित्रै क्षमता विकास, स्थानीय सीप प्रवर्द्धन र औद्योगिक विकासमा योगदान पुऱ्याइरहेको कम्पनीले बताएको छ ।

## सुशीला कार्की...

देखि ६० सिट प्रत्यक्षमा जित्ने निश्चित रहेको छ भनेर आफूलाई तत्कालिन प्रधानमन्त्री कार्कीले भनेको ब्रिफिङ आफ्नो पार्टीका नेतालाई हालै गरेका छन् । वास्तवमा तत्कालिन प्रधानमन्त्री कार्कीको भनाईलाई पत्याउनु नै पुराना दलका नेताहरूलाई अभिषाप भएको छ ।

भाद्र २३ गतेको आन्दोलनमा अप्रत्यक्ष रूमपा सुशिला कार्कीको संलग्नता रहेको थियो । भाद्र २३ गते सुशिला कार्की नयाँ बानेश्वरमा पुगेर भाषण गरिरहेकी थिइन् भने हालका गृहमन्त्री सुदन गुरूङ नै भाद्र २३ गतेको विरोध प्रदर्शनका आयोजक रहेका थिए । जिल्ला प्रशासन कार्यालयमा विरोध प्रदर्शन गर्न अनुमति माग्ने पत्रमा नै गुरूङ मुख्य आयोजक रहेको उल्लेख गरिएको थियो तर सो दिन माइतीघरमा उनले आफू कुनै नेता नरहेको र पानी बाँड्न मात्र आएको अभिव्यक्ति दिएका थिए । काठमाडौ उपत्यकाभित्र विरोध प्रदर्शन गर्दा त्यसमा क्षति पुगे आयोजकबाट असुल उपर गरिने गरिएको छ तर भाद्र २३ र २४ गते भएको घटनाबाट पुगेको क्षतिको आंकलन गरेर किन आयोजकबाट क्षतिपूर्ति दिलाइएन ?

हालका प्रधानमन्त्री बालेन साह काठमाडौ महानगरका मेयर रहेका र उनले आफ्नी श्रीमती सवार गाडीलाई प्रहरीले चेकजाँच गर्दा सिंहदरबारमा आगो लगाईदिन्छु भन्ने स्टाटस लेखेका थिए । सिंहदरबारमा आगजनी भयो तर साहलाई सामान्य सोधपुछसम्म गरिएन । भाद्र २४ गते रास्वपाका नेताहरु र केही कलाकारहरूले जेलमा रहेका रास्वपाका सभापति रवि लामिछानेलाई जेलमुक्त गरे तर उनीहरूलाई कुनै कारबाही भएन ।

सुशिला कार्की नेतृत्वका सरकारले गौरीबहादुर कार्कीको अध्यक्षतामा जाँचबुझ आयोग गठन गरेर उसलाई भाद्र २३ र २४ गतेको घटनाको जाँचबुझ गरी प्रतिवेदन बुझाउने म्याण्डेट दिएको भएपनि कार्की आयोगले २३ गतेको मात्र जाँचबुझ गरी २४ गतेको घटनाको अनुसन्धान गर्न सरकारलाई आग्रह गरेको प्रतिवेदन बुझाएको छ ।

अहिले बालेन सरकारले त्यही अधुरो, अपुरो प्रतिशोधपूर्ण प्रतिवेदनका आधारमा एमाले अध्यक्ष केपी ओली तत्कालिन गृहमन्त्री रमेश लेखकलाई जरूरी पक्राउ पुर्जी दिएर पक्राउ गरेको छ । कार्की आयोग नै ओली लेखक लगायत पुराना दलका नेता तथा कार्यकर्ताहरूलाई प्रतिशोध लिनैका लागि मात्र बनाइएको जस्तो देखिएको छ ।

गौरीबहादुर कार्की आयोगको अध्यक्ष बन्नुभन्दा पहिला देखि नै उनी केपी ओलीको विरूद्धमा स्टाटस लेख्दै ओलीमाथ ज्यान मारेको आरोपमा पक्राउ गर्नुपर्दछ भन्दै लेख्दै आएका व्यक्ति हुन् । गौरी बहादुर कार्की यस्ता व्यक्ति हुन उनी जोसँग जस्तोसुकै सहमति गर्न सक्ने भएकाले सरकारले कसैलाई फसाउनु पर्‍यो भने तिनै कार्की अध्यक्षतामा आयोग गठन गर्ने गरेको देखिन्छ ।

कार्की आयोगले आफ्नो प्रतिवेदनमा अत्यावश्यक बस्तु संरक्षण ऐन २०१२ र स्थानीय निकाय ऐन २०२८ को व्यवस्थालाई उपहास गर्दै प्रतिवेदन तयार गरेको छ । आवश्यक बस्तु संरक्षण ऐनमा उल्लेख भएअनुसार आवश्यक बस्तु संरक्षण ऐनको पालना गर्ने र संरक्षण गर्ने क्रममा सुरक्षाकर्मीले चलाएको हतियारबाट कसैको निधन हुन गएमा पनि त्यो बात लाग्ने छैन र त्यसवापत् कसैलाई कारबाही हुने छैन भन्ने व्यवस्थालाई कार्की आयोगले लुकाएको छ । त्यसैगरी स्थानीय ऐन २०२८ ले कर्फ्यु लगाउने अधिकार प्रमुख जिल्ला अधिकारी बाहेक अरू कसैलाई नहुने स्पष्ट व्यवस्था गरेको छ ।

भाद्र २३ गते पनि काठमाडौका तत्कालिन प्रमुख जिल्ला अधिकारी छवि रिजालले कर्फ्यु लगाउने आदेश दिएको उनले कार्की आयोगमा बयान दिँदा उल्लेख गरेका छन् । कर्फ्यु लागि सकेको अवस्थामा सुरक्षकर्मीले गोली चलाउनुपर्ने अवस्था भए उसले कसैलाई सोधिरहनु पर्दैन भन्ने बयान रिजालले दिएका छन् । यी सबै तथ्यहरूले प्रमाणित हुन्छ बालेन सरकार पुराना दलका नेताहरु त्यसमा पनि एमाले अध्यक्ष केपी ओलीको विरूद्ध प्रतिशोधको राजनीति गरिरहेको छ भने । यदि होइन भने प्रधानमन्त्रीको शपथ ग्रहण गरेको २४ घण्टा पनि नबित्दै किन कार्की आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने भन्दै सुरक्षाकर्मीहरूको सम्बन्धमा पुन अनुसन्धान गर्ने र राजनीतिकर्मीहरूका विरूद्धमा कार्यान्वयन गर्ने निर्णय गराइयो ?

कार्की आयोगको प्रतिवेदन कार्यान्वयन गर्न केपी ओली र रमेश लेखक बाधक थिए त ? अब त्यसको जवाफ जनतालाई चित्त बुझ्दो गरी सरकारले दिनुपर्दछ । भाद्र २४ गतेको विध्वसात्मक कार्यमा संलग्न भएका अहिलेका रास्वपाका नेता केही सांसद, केही कलाकर्मीहरु लगायत चाहे जोसुकै भएपनि उनीहरूलाई कानुनी दायरामा ल्याउनुपर्दछ । ए सरकार !

## यी विभाग...

सरकारी कार्यालय खारेज हुनेछन् ।

प्रतिवेदनमा बौद्ध दर्शन प्रबर्द्धन तथा गुम्बा विकास समितिलाई खारेज गर्न सुझाव दिइएको छ । बौद्ध दर्शन प्रबर्द्धनसम्बन्धी कार्य लुम्बिनी विश्वविद्यालय र गुम्बा विकास समितिले गर्ने कार्य पुरातत्त्व विभागले गर्ने गरी यसलाई खारेज गर्न प्रतिवेदनमा सुझाव दिइएको छ ।त्यसैगरी, न्यूनतम् पारिश्रमिक निर्धारण समितिलाई पनि खारेज गर्न सिफारिश गरिएको छ । नेपाल रेल्वे बोर्डको काम रेल्वे विभागले गर्ने हुनाले रेल्वे बोर्डलाई पनि खारेज गर्न सुझाव दिइएको छ ।

शहरी क्षेत्र सार्वजनिक यातायात प्राधिकरणको पनि कुनै काम नभएको हुनाले खारेज गर्न सिफारिश गरिएको छ । उक्त संस्था खोलेको ३ वर्षसम्म पनि कुनै काम नभएको भन्दै संस्था खारेजीका लागि सिफारिश गरिएको हो ।त्यसैगरी, जग्गा विकास चक्र कोषलाई पनि खारेज गर्न सिफारिश गरिएको छ ।नगर विकास समितिहरूको काम सम्बन्धित स्थानीय तहबाट हुने भएकाले ती समितिहरूलाई पनि खारेज गर्न सिफारिश गरिएको छ ।त्यसैगरी, बर्दिबास मेडिकल कलेज पूर्वाधार निर्माण विकास आयोजनालाई पनि खारेज गर्न सुझाव दिइएको छ ।

उक्त आयोजना सम्पन्न भएपश्चात आयोजनाको कार्यालय खारेज गर्न उपयुक्त हुने प्रतिवेदनमा उल्लेख छ ।त्यसैगरी, बुटवल मेडिकल कलेज पूर्वाधार निर्माण विकास आयोजना पनि आयोजना सम्पन्न भएपश्चात् खारेज गर्न उपयुक्त हुने प्रतिवेदनमा जनाइएको छ । यस्तै, सुर्खेत मेडिकल कलेज पूर्वाधार निर्माण विकास आयोजना पनि आयोजना सम्पन्न भएपश्चात् खारेज गर्न उपयुक्त हुने भनिएको छ ।यसका अलावा, राष्ट्रिय दुग्ध विकास बोर्डको काम पशुसेवा विभागले गर्ने हुनाले सो बोर्ड पनि खारेज गर्न सुझाव दिइएको छ ।

त्यसबाहेक जिल्ला निर्वाचन कार्यालयहरूलाई खारेज गरी सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा जिम्मेवारी हस्तान्तरण गर्नुपर्ने सुझाव प्रतिवेदनमा समावेश छ ।समन्वयका लागि प्रदेश स्तरमा प्रादेशिक निर्वाचन कार्यालय स्थापना गर्न प्रतिवेदनमा सुझाव दिइएको छ ।त्यसैगरी, श्रम स्वीकृति प्रणाली र वैदेशिक अध्ययनका लागि चाहिने नो अब्जेक्सन लेटर (एनओसी) कार्यालय पनि खारेज गर्न सुझाव दिइएको छ ।नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठान काठमाडौंलाई नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानसँग गाभ्न सिफारिश गरिएको छ । दुवै निकायको कामको प्रकृति मिल्ने भएकाले गाभ्न सिफारिश गरिएको हो ।

मुद्रण विभाग, कानून किताव व्यवस्था समिति, सुरक्षण मुद्रण विकास समितिलाई सुरक्षण मुद्रण केन्द्रमा गाभ्न सिफारिश गरिएको छ ।सुरक्षण मुद्रण ऐन,२०८१ बमोजिम केन्द्रको मुख्य कार्य नै महत्त्वपूर्ण कागजात छपाई गर्ने भएकाले उक्त सिफारिश गरिएको हो । त्यसैगरी, नेपाल इन्टरमोडल यातायात विकास समितिलाई नेपाल पारवहन तथा नेपाल गोदाम व्यवस्था कम्पनी लिमिटेडसँग गाभ्न सिफारिश गरिएको छ ।त्यसैगरी, कामको प्रकृति मिल्ने भएकाले न्याय सेवा तालिम केन्द्रलाई न्यायिक प्रतिष्ठानमा गाभ्न सिफारिश गरिएको छ ।

केन्द्रीय कानून पुस्तकालय विकास समितिलाई राष्ट्रिय पुस्तकालयसँग गाभ्न सिफारिश गरिएको छ ।त्यसबाहेक समान प्रकृतिका क्रियाकलाप सञ्चालन गरिरहेका युवा तथा साना व्यवसायी स्वरोजगार कोष, महिला स्वाभलम्बन कोष, स्टार्टअप उद्यम कर्जा कोष अन्तर्गतको स्वरोजगार कार्यक्रमहरूलाई एकीकरण गरी एकद्वार प्रणालीबाट सञ्चालन हुनेगरी राष्ट्रिय उद्यमशीलता तथा स्वरोजगार कोष स्थापना गर्न सुझाव दिइएको छ ।तराई मधेश समृद्धि कार्यक्रम प्रदेशमा हस्तान्तरण गर्न सुझाव दिइएको छ ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले यस्तो कार्यक्रम सञ्चालन गर्न छुट्टै कार्यालय सञ्चालन गर्नुभन्दा सम्बन्धित प्रदेशमा हस्तान्तरण गर्न उपयुक्त हुने सुझाव दिइएको छ ।राष्ट्रिय चुरे संरक्षण समिति कार्यक्रम कार्यान्वयन ईकाइहरु प्रदेशमा हस्तान्तरण गर्न सुझाव दिइएको छ । इकाई कार्यालयहरु सलकपुर, मोरङ, जनकपुर, भरतपुर, लम्की, कैलालीलाई पुनर्संरचना गरी मौजुदा सरकारी संरचनाबाट सञ्चालन गर्न सम्बन्धित प्रदेश सरकारलाई हस्तान्तरण गर्नुपर्ने प्रतिवेदनमा उल्लेख छ ।त्यसैगरी, वनस्पति अनुसन्धान केन्द्रहरु इलाम, धनुषा, मकवानपुर, बाँके, सल्यान, जुम्ला, कैलाली पनि प्रदेशलाई हस्तान्तरण गर्न सुझाव दिइएको छ ।

पशुपन्छी रोग अन्वेषण परियोजनाअन्तर्गतका विराटनगर, जनकपुर, पोखरा, सुर्खेत, धनगढीस्थित कार्यालयलाई पनि प्रदेशमा हस्तान्तरण गर्न प्रतिवेदनमा सुझाव दिइएको छ ।विभिन्न सिँचाई आयोजनाहरूसँग सम्बन्धित संघीय सिँचाइ कार्यालयहरु पनि प्रदेशलाई हस्तान्तरण गर्न सुझाव दिइएको छ ।जनताको तटबन्ध कार्यक्रमका सबै कार्यक्रमहरु सम्बन्धित प्रदेशमा हस्तान्तरण गर्न भनिएको छ । त्यसबाहेक विभिन्न पर्यटन संरक्षण/विकास समितिहरूलाई पनि सम्बन्धित प्रदेश वा स्थानीय तहमा हस्तान्तरण गर्न प्रतिवेदनमा सुझाव दिइएको छ । यसअघि डा. डिल्लीराज खनालको संयोजकत्वमा गठित सार्वजनिक खर्च पुनरवलोकन आयोग, २०७५ ले पनि यस्तै सुझाव दिएको थियो ।

त्यसैगरी, पूर्व सचिव शंकरप्रसाद कोइरालाको संयोजकत्वमा गठित एउटै प्रकृतिको कामका लागि स्थापना भएका अलग-अलग संरचना गाभ्ने, खारेज गर्ने वा हस्तान्तरण गर्नेसम्बन्धी अध्ययन प्रतिवेदन, २०८१ ले पनि विभिन्न सिफारिश गरेको थियो । यी प्रतिवेदनमा दिइएका सुझाव समेतका आधारमा तीन दर्जन जति संस्थाहरु गाभ्ने, खारेज गर्ने वा पुनर्संरचना गर्ने तथा विभिन्न संस्थाहरु प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण गर्ने गरी आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यमा नीतिगत निर्णय समेत भइसकेको छ ।बजेट वक्तव्यमा आइसकेपछि एउटै मन्त्रालय अन्तर्गतका दुईवटा संस्थाहरु एक आपसमा गाभ्ने, खारेज गर्ने तथा हस्तान्तरण गर्ने सम्बन्धमा सम्बन्धित मन्त्रालयबाट आन्तरिक तयारी र गृहकार्यहरु समेत भएका थिए ।

तर, ती संस्थामा राजनीतिक नियुक्ति पाएका पदाधिकारी तथा कर्मचारीबाट परिवर्तनप्रति केही अवरोध भएको थियो । लगत्तै सरकार परिवर्तन भयो । नयाँ सरकार र सम्बन्धित मन्त्रालयहरूबाट यस कार्यलाई निरन्तरता नदिँदा अझै पनि सार्वजनिक निकाय गाभ्ने, खारेज गर्ने वा हस्तान्तरण गर्ने कार्यले सार्थकता पाउन सकेको छैन।यसै सम्बन्धमा, पूर्वअर्थसचिव रामेश्वर खनालको संयोजकत्वमा गठित उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोग, २०८१ ले समेत धेरै सरकारी कार्यालय तथा सार्वजनिक निकाय गाभ्ने, खारेज गर्ने तथा हस्तान्तरण गर्ने सम्बन्धमा सुझाव दिएको छ ।

तत्पश्चात् यी तीनवटै प्रतिवेदनअनुसार तत्काल कार्यान्वयनमा लैजान सकिने सुझावहरु समेटी प्रतिवेदन बुझाउन प्रधानमन्त्री तथा मन्त्रिपरिषदका कार्यालयको शासकीय मामिला हेर्ने सचिव चुडामणि पौडेलको संयोजकत्वमा समेत २०८२ फागुन २६ गते कार्यदल गठन भएको थियो ।उक्त कार्यदलले दिएको सुझाव समेतलाई आधार मानेर सुशासन कार्यान्वयन मार्गचित्र, २०८२ अनुसार सरकारले 'एक्सन' लिन लागेको हो ।

## कार्की आयोगको...

आखिरी किन ?

आवश्यक बस्तु संरक्षण ऐन २०१२ अनुसार यो ऐनको दफा २ मा टेलिग्राम, टेलिफोन, राजमार्ग, मुलबाटो, पुल, विद्युत उत्पादन, विजुली गृह, मौसम ल्याब, जलस्रोत सम्बन्धी स्टेशन, पेट्रोललगायत कुनै आवश्यक बस्तुलाई अरूलाई लगाई वा आफैँले हात हाल्न, भिक्न, चुडाल्न र कुनै किसिमले विगार्न, चोरी गर्न लगाउनु हुँदैन भन्ने उल्लेख गरिएको छ । यसो गरेमा विगो बमोजिम कैद, जरिवाना वा दुवै सजायँ हुनेछ भन्ने उल्लेख गरिएको छ । यस्तो कसुर गर्नेमाथि कारबाही गरेवापत् मानिस मर्न गएमा आवश्यक बस्तु सुरक्षामा खटिएको सरकारी कर्मचारीलाई वात कसुर नलाग्ने उल्लेख गरिएको छ । त्यसैले कार्की आयोगले जानी जानी आवश्यक बस्तु संरक्षण ऐनको व्यवस्था प्रतिवेदनमा उल्लेख नगरेको हो ।

कार्की आयोगका अध्यक्ष गौरीबहादुर कार्की पहिला देखि कै विवादास्पद व्यक्ति हुन् । सर्वोच्च अदालतले पुस ५ गते नै कार्कीको नियुक्तिलाई लिएर सर्वोच्चमा परेको रिट निवेदनमा कार्की आयोगले निष्पक्ष प्रतिवेदन दिन नसक्ने परमादेश समेत दिई सकेको हुनाले बालेन सरकारको मन्त्रिपरिषद्को चैत्र १३ गतेको निर्णयनुसार आयोगको प्रतिवेदन कार्यान्व्यन गर्ने निर्णय स्वत अवैधानिक रहेको छ ।

शान्ति सुरक्षा कायम गराउन स्थानीय प्रशासन ऐन २०२८ अनुसार कर्फ्यु लगाउने जिम्मेवारी र अधिकार प्रमुख जिल्ला अधिकारी सिडियोलाई मात्र भएकाले तत्कालिन प्रधानमन्त्री र गृहमन्त्रीले गोली हान्ने आदेश दिएको भन्नु सरासर गलत रहेको प्रष्ट रूपमै देखिन्छ । बालेन सरकारले ओली र लेखकमाथि प्रतिशोध लिएर अघि बढ्ने प्रयास गरेको यी तथ्यबाटै प्रष्ट हुँदै गएको छ ।

## तत्कालिन...

गरिएको सुरक्षा निकायले दिएको रिपोर्टलाई लुकाएर पुराना दलहरूलाई निर्वाचनमा जान उक्साइरहेकी थिइन् ।

नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहालले आफ्नै पार्टीका नेताहरूलाई कार्की सरकारले नेपाली कम्युनिष्ट पार्टीका जनतामा राम्रो प्रभाव रहेकाले प्रत्यक्षतर्फबाट ५० देखि ६० सिट जित्न सक्ने सुरक्षा निकायले आफूलाई रिपोर्ट दिएको प्रधानमन्त्री कार्कीले दाहाललाई भनेको हुनाले आफूहरूले विश्वास गरेर निर्वाचनमा गएको बताएका छन् ।

नेपाली कांग्रेस र नेकपा एमालेका शिर्ष नेताहरूलाई समेत दाहाललाई भने जस्तो अभिव्यक्ति दिएर निर्वाचनमा सहभागि हुन उकासिरहेको हुनाले दलहरूले तत्कालिन प्रधानमन्त्री कार्कीको भनाईलाई विश्वास गरेर निर्वाचनमा सहभागि भएकोमा अहिले आफूहरूलाई धोका भएको बताइरहेका छन् । कार्की सरकार र सुरक्षाकर्मीहरूलाई विश्वास गरेर उनीहरु निर्वाचनमा सहभागि भएका थिए तर उनीहरूले कार्की सरकारको रणनीति बुझ्न नसकेको हुनाले नै पुराना दलहरूको नराम्रो पराजय भएको छ ।

कार्की सरकारका मन्त्रीहरूले समेत भित्रभित्रै रास्वपाका नेताहरूसँग गोप्य रूपमा भेटेर उनीहरूलाई सहयोग गरेका हुनाले बालेन र रविका पछि सुरक्षाकर्मी लगाएर उनीहरूलाई सहयोग गरेका थिए । बालेन र रविका पछि सिभिलमा सुरक्षाकर्मी राखिएको र तत्कालिन सरकारका सबै काम कारबाही उनीहरूमार्फत बालेन र रविले थाहा पाउने भएकाले त्यसै अनुरूपको कार्यक्रम अघि सारेका थिए । यसरी तत्कालिन प्रधानमन्त्री कार्कीले दलहरूलाई चक्का दिइकी थिइन् ।

## बालेन सरकारको...

जाँचबुझ गर्न म्याण्डेट दिएको थियो । तर, २४ गतेको घटनामा रास्वपाका धेरै नेताहरु र हाल सांसद रहेका व्यक्तिहरूको संलग्नता देखिएपछि उनीहरूका विरूद्ध अनुसन्धान नै गरिएन । तर २३ गतेका घटनामा तत्कालिन प्रधानमन्त्री केपी ओली र गृहमन्त्री रमेश लेखकले लापरबाही र हेलचेक्राई गरेको आरोप कार्की आयोगले लगाएको छ । कस्तो लापरबाही र हेलचेक्राई हो भन्ने प्रतिवेदनमा खुलाइएको छैन ।

२३ र २४ गतेको घटनामा संलग्न रहेको भनिएका मध्का २४ गतेको घटनामा संलग्न रहेकोहरूलाई अनुसन्धान नै नगरिएको र २३ गतेको घटनामा संलग्न रहेका भनिएका सुरक्षा निकायका व्यक्तिहरूलाई पुन अनुसन्धान गर्ने निर्णय साह सरकारले गर्दै राजनीतिक दलका नेताहरूलाई मात्र कारबाहीको कार्यान्वयन गर्ने निर्णय गरेकै भोलिपल्ट एमाले अध्यक्ष केपी ओली र कांग्रेसका नेता रमेश लेखकलाई पक्राउ गरिनु आफैँमा हास्यास्पद रहेको छ ।

एउटै घटनामा संलग्न रहेका भनिएका मध्येका सुरक्षा निकायका व्यक्तिहरूका बारेमा एउटा निर्णय अनि राजनीतिज्ञहरूका बारेमा अर्को निर्णय गर्नु राजनीतिक प्रतिशोध बाहेक अन्य केही हुन सक्दैन । कानुन सबैका लागि बराबरी भन्ने सिद्धान्तलाई साह सरकारले बहुमतको आडमा धज्जी उडाएको मात्र छैन सर्बोच्च अदालतको आदेशको उल्लघन समेत गरेको छ ।

## लापरबाही...

भएपनि कार्की आयोगले २३ गतेको घटनाको मात्र जाँचबुझ गरी २४ गतेको घटनाको अनुसन्धान गर्न सुझाव दिएको थियो । २३ गतेको घटनामा तत्कालिन प्रधानमन्त्री केपी ओली, गृहमन्त्री रमेश लेखक, गृहसचिव, जिल्ला प्रशासन कार्यालय काठमाडौका सिडियो, तत्कालिन प्रहरी महानिरीक्षक चन्द्रकुवेर खापुङसहितका अन्य केही व्यक्तिहरूले लापरबाही गरेको भन्दै उनीहरूलाई फौजदारी कसुरमा मुद्दा चलाउनुपर्ने सिफारिस गरेको भएपनि के लापरबाही गरे, कस्तो हेलचेक्राई हो भन्ने कुरा अनुसन्धान नै नगरी फौजदारी कारबाहीको सिफारिस गर्नु आफैँमा पूर्वाग्राही र प्रतिशोधपूर्ण रहेको छ ।

अनुसन्धानबाट सबै तथ्य र प्रमाणहरु नभेटिएसम्म कसैलाई सनकको भरमा पक्राउ गर्न र मुद्दा चलाउन सकिने अवस्था रहँदैन । कार्की आयोगको प्रतिवेदन सिफारिस मात्र हो प्रमाण होइन । सो प्रतिवेदन सरकारका लागि केबल राय सुझाव वा परामर्श मात्र हो । सरकारले अनुसन्धान गर्न सक्छ, पाउँछ तर पक्राउ नै गर्नुपर्ने अवस्था देखिँदैन । घटनामा ओली लेखकको संलग्नता भएको देखिने न्यूनतम तथ्य स्थापित नभएसम्म पक्राउ गर्न मिल्दैन । जरूरी पक्राउ पुर्जीको यस घटनाले औचित्य माथि नै प्रश्न उठाएको छ ।

बालेन नेतृत्वको मन्त्रिपरिषद्को चैत्र १३ गतेको बैठकबा सुरक्षा निकायका व्यक्तिहरूका सम्बन्धमा तत्काल कार्यान्वयन नगर्ने तर राजनीतिक दलका नेताहरूका हकमा मात्र कार्यान्वयन गर्ने निर्णय सरकारले किन गर्‍यो ? मन्त्रिपरिषद्ले गरेको यस्तो विभेद र चयनात्मक निर्णयमाथि समेत अहिले प्रश्न उठेको छ । एक थरीका अनुसार भाद्र २४ को घटनामा रास्वपाका धेरै नेता र मन्त्रिपरिषद्का सदस्यहरु नै संलग्न रहेको प्रमाण मेटिन सक्ने भएकाले उनीहरूलाई बचाउनैका लागि कार्की आयोगले भाद्र २४ को घटनाको जाँचबुझ नगरेको हुन सक्ने आशंका जन्मिएको छ ।


**डढेलोबाट जोगिऔं र जोगाऔं।**

- सुख्खायाम तथा पतझरको समयमा डढेलो लाग्न सक्छ,
- डढेलोले मानिस, वन्यजन्तु र पर्यावरणमा गम्भीर असर पार्न सक्छ,

**डढेलोबाट जोगिन**

- जथाभावीरूपमा वन तथा जङ्गल क्षेत्रमा आगो नबालौं,
- सुक्खा घाँस पातजस्ता ज्वलनशील वस्तु सुरक्षितरूपमा व्यवस्थापन गरौं,
- चुरोट, बिडी, आगोका झिल्का भएका वस्तु जथाभावी नफालौं,
- डढेलोविरुद्द समुदायस्तरमा सचेतना फैलाऔं,
- डढेलो देखिएमा तत्काल सम्बन्धित निकायमा जानकारी गराऔं, वन जोगाउ र वातावरण संरक्षणमा योगदान दिऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**